

# युवा

## श्रम र श्रमिक आन्दोलन सन्दर्भमा

प्रदीप ज्ञवाली

**युवा** श्रम र श्रमिक आन्दोलन सन्दर्भमा

**प्रकाशक :**
नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)
पुतलीसडक, मनमोहन मजदुर भवन, काठमाडौं
फोन : ४१६८०००, फ्याक्स : ४१६८००१
इमेल : office@gefont.org वेब : www.gefont.org

**प्रकाशन** : १००० प्रति, २०६९ वैशाख

**मूल्य** : रु. ८०/-

**डिजाइन तथा मुद्रण व्यवस्थापन :**
एम्ज माउस, पुतलीसडक

© GEFONT 2012

जिफन्ट प्रकाशन नं. १२२
ISBN : 978-9937-8587-0-0

# श्रमिक युवाका पक्षमा केही शब्द

"यस्तो लागिरहेछ, आज यहाँ आगो ओकलौँ; वाह्वाही र ताली बटुलौँ?! घिर्चो भाँच्ने र बङ्गारा छर्ने भाषण गरौँ; र, तपाईं युवा साथीहरुलाई अहिले नै कलकारखाना र उद्योगमा आगोको खेती गर्न; सन्त्रासको साम्राज्य विस्तार गर्न निर्देशन दिऊँ र हामीले चाहेको खेलको नियम यत्र-तत्र सर्वत्र थोपर्न सकौँ !

तर के यसमा केही नयाँपन छ र? के योभन्दा कम चर्का कुरा तपाईंहरुले सुनिरहनुभएको छ र? के यसले १ करोड १० लाखको सङ्ख्यामा रहेका हाम्रा युवा-रङ्गिन सपना साकार पार्ला त?

मलाई शङ्का छ, त्यस कारण म चर्का हैन मलुवा कुराबाटै आफ्नो भनाइ राख्न चाहन्छु र युवाहरुको इतिहास प्रमाणित गाथाबाट आफ्नो भनाइ राख्ने अनुमति चाहन्छु।"

२०६६ सालको माघ १८ गते जिफन्टको पहिलो युवा श्रमिक सम्मेलनको उद्घाटन मैले यी भनाइबाट सुरु गरेको थिएँ। जतिखेर हामी जिफन्टवालाहरु युवाहरुको विगत र भविष्यको बाटो कोर्ने छलफल गर्दै थियौँ, ठीक त्यही समयमा एमाले पोलिटब्युरो सदस्य कमरेड प्रदीप ज्ञवाली "राष्ट्र निर्माणमा युवाः स्थिति, चुनौती र नीति" शीर्षकको कार्यपत्र कतै प्रस्तुत गर्दै हुनुहुन्थ्यो। मैले सरसर्ती उहाँको लेख पढेँ, घत लाग्यो। त्यसैले आफ्नो उद्घाटन मन्तव्यलाई उहाँकै रचनाका लाइनहरु सापटी लिएर कड्किएँ !

"युवा ऊर्जा-स्रोत कहाँ-कहाँ र कहिले?" मैले भीमसेन थापाबाट सुरु गरेर मधेस आन्दोलनमा टुङ्ग्याएँ। यसैक्रममा जयपृथ्वीबहादुर सिंह, मकै-खेती, १९९७ का सहिद, मनमोहन अधिकारी, गिरिजाप्रसाद कोइराला, बीपी, पुष्पलाल, थीरबम मल्ल, शैलजा आचार्य र सहिद दुर्गानन्द झासम्म सबै युवा अवस्थाकै क्रान्तिकारी रहेको दोहऱ्याएँ।

"०३५/३६ को आन्दोलन होस् कि ०४६ वा ०६३ को जनआन्दोलन, गणतन्त्रका बाहक को थिए? युवा! रत्नकुमार वान्तवा सहिद हुँदा युवा थिए, त्यस्तै राम-लक्ष्मण! माओवादी सशस्त्र द्वन्द्वका वाहक युवा; अन्तर्राष्ट्रिय जगतमा अहिलेका चर्चित नाम- बाराक ओवामा, टोनी ब्लेयर, मेद्भेदेभ, आदि सबै पचास तलका तन्नेरी !"

मेरो यो 'रिमिक्स' जम्यो। राष्ट्रिय सभागृहको हलभरि युवा श्रमिकहरु चुपचाप सुनिरहे। म अरु हौसिएँ र थपेँ- "ट्रेड यूनियनमा नै हेरौँ, २००३ सालको आन्दोलनका वाहक युवा; ००७ सालपछिका सबै मजदुर आन्दोलनका नेताहरु युवा; ०२९ सालको जुटमील आन्दोलनका सहिद खगेन्द्र राई युवा; ०३५/३६ सालमा नेस्वमयू बनाउनेहरु; ०४६ मा जिफन्ट बनाउनेहरु; अर्थात् परिवर्तनका वाहक हामी सबै युवा !"

यसपछि मैले आफ्नो कुरा सोझ्याएँ-"र, आज हामीलाई फेरि युवा चाहिएको छ किन?"

मैले एकछिन पर्खें, जवाफ कुरे जस्तरी। साथीहरु शान्त रहे, केही नजाने जस्तरी! अनि मैले फेरि भनेँ- राजनीतिमा पुस्ताको विषय आउँछ। पाका पुस्ता भनेका इतिहासका वक्ता हुन्- अतीतजीवी। युवा पुस्ता भनेको वर्तमान हो, हाम्रो भविष्य- स्वप्नजीवी! त्यो स्वप्नजीवी पुस्ता तपाईंहरु हो हाम्रो नेता/कार्यकर्ता हुर्काउने ब्याड जस्तै !

तपाईं नि? कुनै कमरेडले आँटै गरेर फ्लोरबाट सोध्नुभयो। मैले एक निमेष पनि खेर जान नदिई फेरि 'रिमिक्स' जवाफ दिएँ- हामी वञ्चित पुस्ता! आफ्नो ल्याकतको परीक्षण समेत गर्न नपाई छिप्पिन थालेको कथित 'युवा-पुस्ता' !

मैले मौकाको सदुपयोग गर्दै भनेँ- "हामी अहिले काम नलाग्ने 'पुरानो संरचनालाई ढालिसकेको तर युग-सापेक्ष नयाँ सिर्जना गरि नसकेको' स्थितिमा छौँ। परिवर्तनले आकास छुने आकाङ्क्षा जगाएर जाँदो रहेछ; तर अहिलेको हाम्रो द्विविधा भनेको

'एकै रात'मा सपनालाई विपनामा रूपान्तरण गर्ने कि निराश हुने भन्ने प्रकृतिको छ। यो गलत हो। परिवर्तन प्रारम्भ हुनुपर्छ, त्यसको 'मुख' कता फर्किएको छ, त्यसैलाई मात्र हामीले ध्यान दिनुपर्छ।"

मैले आफ्नो विश्लेषण राखेँ– "नेपाली समाज हिंसाको चक्रव्युहमा फसेको छ; र सबैभन्दा जोखिममा हाम्रा युवा छन्। यहाँ तर्क–बहस–सदाचार हैन; फेरि पनि बल–हतियार–जवरजस्तिमा युवा पङ्क्तिलाई लतारिँदै छ। एकथरी मानिस विशेष गरी हाम्रा युवा श्रमिकलाई मर्यादित कामको सपना हैन, सक्षमताको ज्ञान हैन– रातारात धनी कसरी बन्नेतिर बराल्न खोजिरहेका छन्।"

मैले बिट मार्दै प्रश्न गरेँ– "आज हामी युवा भन्नासाथ के बुझ्छौँ?" सङ्केतमा जवाफ पनि आफैँले दिएँ– सर्वहारा हाम्रो आदर्श वर्ग हो, तर स्वाँठ–सर्वहारा श्रम बजारको लागि पनि खतरा हो। तपाईंहरु सर्वहारा वर्गीय सालिनताको पक्षमा उभिनुस्, स्वाँठको भिडमा जतिसुकै क्षणिक लाभ भए पनि हेर्दै नहेर्नुहोस्।

आफ्नो मन्तव्यको मध्य भागमा एकजना युवा श्रमिकले 'डर्टी पलिटिक्स' भनेको सम्झिएँ। मैले चर्चित हिन्दी फिल्म 'नायक'को एउटा डाइलग दोहराएँ– "अगर गान्धिजी ने भी तुम्हारी तरह सरकारी नौकरी, बैङ्गला, एक सुन्दर पत्नी दिलमे रखकर पलिटिक्स मे नही आते थे तो, आज भी तुम जैसे मिडिल क्लास लोग अङ्ग्रेजोंको लैट्रिन साफ करेत होते...!" डाइलग कति ठीक वा शुद्ध थियो म यसै भन्न सक्दिन, तर यसैमा टेकेर मैले थपेँ– "एउटा कुरा प्रस्ट छ, मूर्खबाट शासित नहुने हो भने युवा पङ्क्ति राजनीतिमा आउनैपर्छ !"

तर, हाम्रो समाजमा विडम्बना छन्, मैले थपेँ– हाम्रा सपना पनि वर्गीय रूपमा बाँडिएका छन्। खान पुग्ने परिवारका भए देख्ने सपना भनेको– 'डाक्टर–इञ्जिनियर; युरोप अमेरिका–जापान र अस्ट्रेलिया !' खान नपुग्ने परिवारका सपना चाहिँ– 'वैदेशिक रोजगारी, साइकल/रिक्सा मर्मत, प्लम्बिङ् र स्वरोजगारी !'

राजनीतिमा पनि हामी युवाहरुलाई विभाजित गरिरहेका छौँ– 'कि युवा सहभागिताको फोस्रो राग अलापिरहेका छौँ; आलङ्कारिक नेतृत्वमा थुपारी मनमोजी लोकतन्त्रको मास्वौल उडाइरहेका छौँ; या त हामी ढुङ्गा–मुढा–चक्काजाम र हिंसामा युवा जमातलाई प्रेरित गरिरहेका छौँ।' त्यसैले मैले आफ्नो भनाइलाई प्रश्नमा नै टुङ्ग्याएँ :

- हामी मर्यादित काम र रोजगारीको कुरा किन गरिरहेका छैनौँ?
- हामी देश भित्रै रोजगारी सिर्जनाको सार्थक बहस किन गरिरहेका छैनौँ?
- किन हामी युवालाई सदाचारको शिक्षाको सट्टा तत्काल लाभको विकृतिमा डुवाइरहेका छौँ?
- यसको जवाफ दिने कसले? यसको समाधान खोज्ने कसले?

'के परिवर्तन बिहान बिहानै हाम्रो कोठाको ढोका ढक्ढकाउन आउँछ?' मैले आफ्नो प्रश्नको आफैँ उत्तर दिएँ– "अहँ, आउँदैन। अधिकार मागेर हैन – खोसेर नै लिने हो; हाम्रा लागि नीति नियम बनाउन, हामीले आफ्नै पहलमा सहभागितामा बढाउने हो! जिफन्टको युवा श्रमिक सम्मेलन, श्रम आन्दोलनको माध्यमबाट श्रमलाई सम्मान गर्ने तन्नेरी पुस्तालाई हाम्रो आन्दोलनमा स्थापित गर्ने अभियानको थालनी मात्र हो। जिफन्टको युवा कमिटी त्यस कामको लागि नयाँ इञ्जिन हो।"

यो भाषणको प्रसङ्ग उल्लेख गर्नुको एक कारण हो– अब युवा श्रमिकहरुका लागि नयाँ पाठ्य सामग्री बन्नुपर्छ र त्यो पनि कमरेड प्रदीप ज्ञवालीले प्रस्तुत गर्नुभएको कार्यपत्र– राष्ट्र निर्माणमा युवा..." जस्तै! त्यसैले हामीले कमरेड प्रदीपलाई अनुरोध गर्‍यौँ; पुस्तकको योजना बतायौँ। उहाँले तयार पार्नुभएको यो प्रकाशनले, मेरो बुझाइमा अहिलेको अपेक्षालाई समेटेको छ।

यो प्रकाशन, तसर्थ, युवा श्रमिकका लागि तयार पारिएको सन्दर्भ सामग्री हो। यसको प्रस्तुति पनि अन्य पुस्तकहरुको जस्तो छैन। युवा स्वभाव जस्तै मनमा उठ्ने तरङ्गसँगै बगेको छ। यो प्रकाशन अन्य पुस्तकजस्तो 'खास फर्म्याट'मा पनि छैन।

युवाहरुको अध्ययन-भोक जागोस्, भनेर तालिका, बक्स र कोटेसन प्रयोग गरिएको छ। यहाँसम्म कि लेखकले वा प्रकाशक संस्थाले आफ्नो इच्छा मुताबिकको निष्कर्ष पनि यहाँ राखिएको छैन, जननेता मदन भण्डारीको भनाइलाई नै निष्कर्षको रूपमा प्रस्तुत गरिएको छ।

यो प्रकाशनमा प्रयोग गरिएको राष्ट्रिय जनगणनाको पछिल्लो तथ्याङ्कको प्रशोधन डा. रुद्र गौतमले गर्नुभएको हो भने तथ्याङ्कलाई प्रविधिबाट विश्लेषण र तालिकामा रूपान्तरण कमरेड किरण मालीले गर्नुभएको हो। प्रकाशनको अन्तमा राखिएको तथ्यगत सूचना डा. पुष्प कँडेलको सङ्कलनबाट लिइएको हो। पुस्तकको सम्पादनमा जिफन्ट महासचिव कमरेड उमेश उपाध्ययको पनि महत्त्वपूर्ण संलग्नता छ। शुद्धाशुद्धिमा जिफन्ट वरिष्ठ युनियनकर्मी सञ्जालका सदस्य सचिव कमरेड कवीन्द्रशेखरको योगदान रहेको छ। यसको आवरण र लेआउटमा क. किरण माली सहित क. महेन्द्रलाल श्रेष्ठको दक्ष श्रमको लगानी भएको छ।

आसा छ, यो प्रकाशन सबैलाई उपयोगी हुनेछ। लेखक सहित यो प्रकाशनमा संलग्न सबैलाई हार्दिक धन्यवाद !

विष्णु रिमाल
अध्यक्ष


# विषयसूची



११ सन्दर्भ


१४ पुस्तान्तर - अर्थात, दुई थरि सोचः दुई खाले सपना


१७ स्वप्नभङ्गता


२४ दुई थरि भ्रान्ति


२८ परिवर्तनको आन्दोलनमा युवा


३३ युवा, हिंसा र ध्वस्त सपना


३९ कस्तो राष्ट्र, कस्तो नयाँ नेपाल


नयाँ नेपालकालागि नयाँ नेतृत्व ४३


सीमाहरू ४५


बदलिंदो श्रम र नयाँ श्रमिकहरु ४९


श्रमिक आन्दोलनमा युवा श्रमिकहरु ५३



युवापन र युवा मनोविज्ञान ५५


राष्ट्र निर्माणमा युवा सहभागिता ५७


निष्कर्षमा ६०

अनुसूची-१ : नेपालमा युवाः पछिल्लो तथ्याङ्क / ६२

अनुसूची-२ : नेपालमा गरिबी र जनसङ्ख्याः युवाहरुले ध्यान दिनुपर्ने तथ्याङ्क / ७२



हाम्रो देशका हरेक व्यक्तिको पवित्र कर्त्तव्य हो साहसी वीर बन्नु। हाम्रो देशका प्रत्येक मान्छेमा योग्यता छ, बुद्धि छ- निठल्ला र अल्छीहरूसँग बाहेक। उनीहरू त योग्य बन्नै चाहन्नन्। शून्यबाट त खालि शून्य निस्कन्छ। पत्थरबाट पानी निस्कन सक्दैन। जो आगो बनेर जल्न सक्दैन, उसले धुवाँमै आफूलाई नष्ट गर्छ। यो शाश्वत सत्य हो। हे जीवन्तको ज्वलन्त शिखा, म तँलाई प्रणाम गर्छु !'

-निकोलाई आस्त्रोभ्स्की

# सन्दर्भ

युवाहरू सामाजिक परिवर्तनका मुख्य उत्तोलक हुन् भन्ने तथ्य निर्विवाद रूपमा स्थापित छ। त्यसरी नै राष्ट्र निर्माणमा युवाहरूको निर्णायक भूमिका पनि सर्वस्वीकृत यथार्थ हो, जसका बारेमा राजनीतिक सिद्धान्तकार, समाजशास्त्री र अन्य नीति निर्माताहरूले पर्याप्त चर्चा गरेका छन् । युवाहरूको अपरिमित आकाङ्क्षा र सपनाहरूका बारेमा, उनीहरूभित्रको अजस्र ऊर्जा र अनन्त गतिशीलताको बारेमा मनग्गे लेखिए/बोलिएको छ । त्यसरी नै, पथभ्रान्तिको अवस्थामा या स्वप्नभङ्गको स्थितिमा युवाहरूको विध्वंसकारी क्षमताका बारेमा पनि अनेकौं साहित्य लेखिएका छन् । अर्थात्, राष्ट्र निर्माणमा युवा एउटा बहुचर्चित विषय र जगजाहेर प्रस्थापना हो ।

वृद्धवृद्धाहरू समाजका महत्वपूर्ण अङ्ग हुन् । इतिहासमा उनीहरूले गरेको योगदान प्रशंसनीय विषय हो, जसका लागि उनीहरू आदरका पात्र छन् । तर राष्ट्र निर्माणमा अब उनीहरूको भूमिका भने अभिभावकीय मात्रै हो । राष्ट्रसँग अब उनीहरूको सरोकार मूलतः निजात्मक र भावनात्मक हुन्छ । योगदानका हिसाबले सीमित हुन


पुगेको त्यो पुस्ताका लागि मुख्य चासो हो- आफूहरूले गरेका योगदानहरू सधैंभरि सम्झिइयुन्, आफ्नो बाँकी जिन्दगी शान्तसँग यापन होस् र भोलिको पुस्ताले सुरक्षित भविष्य पाओस् ।

त्यसरी नै बालबालिका पनि समाजका महत्वपूर्ण हिस्सा हुन् । तर उनीहरूको निम्ति राष्ट्र मूलतः भविष्य हो । वर्तमानसँग उनीहरूको मुख्य सरोकार भविष्यको निम्ति तयारीका लागि उपयुक्त वातावरणको प्रत्याभूति हो । यसका अलावा योगदानका हिसाबले पनि उनीहरूका काफी सीमाहरू छन् ।

तर युवाका लागि भने राष्ट्र वर्तमान र भविष्य दुइटै हो । उनीहरू यसका कर्ता र भोक्ता दुबै हुन् । न उनीहरू इतिहासका पानाहरू पल्टाउँदै अतीतजीवी भएर रहन सक्छन्, न त भविष्यका लागि एउटा शुभचिन्तक मात्रै भएर बस्न । उनीहरू भविष्यका स्वैरकल्पनामा रमाउँदै र अरुहरूको पौरखमा मात्रै बाँच्न सक्दैनन् । उनीहरूका लागि राष्ट्र अतीतबाट प्राप्त इतिहास, काम गर्ने वर्तमान कर्मथलो र सुरक्षित भविष्यको आधारशीला पनि हो । त्यसैले राष्ट्रको भविष्यसँग उनीहरूको भविष्य प्रत्यक्ष रूपमा जोडिएको छ । राष्ट्रको स्थितिले उनीहरूको नियतिलाई प्रभावित गर्छ, उनीहरूको भूमिकाले राष्ट्रको भविष्यलाई रेखाङ्कित र निर्धारित गर्छ । त्यसैले 'राष्ट्र निर्माणमा युवा' नीति निर्माताहरूको पहिलो प्राथमिकता बन्नुपर्छ, हरहमेसा ।

नेपालको पछिल्लो जनगणनाले झण्डै चालीस प्रतिशत जनसङ्ख्या १६ देखि ४० उमेर समूहको रहेको देखाएको छ । आजको हिसाबले झण्डै १ करोड १० लाख सङ्ख्यामा रहेको यो समूह नै राष्ट्र निर्माणको आधार हो । यो संभावना हो र यो चुनौती पनि हो । यस समूहको भूमिकाले नै नेपालको भविष्यलाई रेखाङ्कित गर्छ । राष्ट्र निर्माणको यो विशिष्ट कालखण्डमा युवाहरूको स्थिति के छ, राष्ट्र निर्माणमा युवा सहभागिताका चुनौती के हुन् र उनीहरूको निर्णायक भूमिकालाई सकारात्मक ढङ्गले प्रभावित गर्न कस्तो नीति तर्जुमा र अवलम्बन गर्नुपर्छ भन्ने बारेमा छलफल चलाउनु सान्दर्भिक हुनेछ ।

**नेपालमा युवा जनसंख्या : उमेर समूहको आधारमा**




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।

सन् २००१ को जनगणनाको तथ्याङ्क अनुसार नेपालको जनसङ्ख्यामा १६ वर्षदेखि ३५ वर्ष उमेर समूहका युवाहरुको सङ्ख्या ३३.२ प्रतिशत छ। कुल जनसङ्ख्यामा महिलाको हिस्सा पुरुषको तुलनामा बढी भए झैं युवा समूहमा पनि महिलाहरुको अनुपात पुरुषको भन्दा १.६ प्रतिशत बढी (५१.६) छ। पुरुष महिला अनुपातमा देखिएको फरक हेर्दा, धेरै युवा पुरुषहरु रोजगारीका लागि विदेशिनुलाई प्रमुख कारण ठानिएको छ। उमेर अनुसार महिला तथा पुरुषको अनुपात फरक फरक छ।

यो विश्व तपाईंहरुको हो, र हाम्रो पनि हो। तर अन्तिम निष्कर्षमा चाहिँ तपाईं युवाहरुकै हो। अदम्य शक्ति र जाँगर भएका तपाईं युवाहरु, बिहान ८-९ बजेको सूर्य जत्तिकै फक्रिएको जीवन सहित हुनुहुन्छ। हाम्रा आशा तपाईंहरुमाथि नै छ।

- माओ त्से-तुङ्ग



# पुस्तान्तर
## अर्थात, दुई थरि सोचः दुई खाले सपना

'माओ त्से-तुङ्ग ? तिनी ठूला नेता थिए रे, जसले हाम्रो देशलाई मुक्ति दिलाए । तर उनका बारेमा मेरा हजुरबालाई बढी थाहा छ । तङ श्याओपिङ्ग ? उनी पनि महान थिए भन्ने सुनेको छु, जसले चीनलाई आधुनिकीकरणतिर डोहोऱ्याए । तर उनका सम्बन्धमा मेरा बा बढी जान्दछन् । म चाहिँ हु जिन्ताओलाई जान्दछु र मन पराउँछु, किनभने उनले नै हाम्रो चीनलाई समृद्ध र महान बनाउनेछन् ।' केही समय अगाडि चीन पुगेर फर्केका एकजना साथीले आजका चिनियाँ युवाको मनोविज्ञानबारे यस्तो घतलाग्दो संवाद सुनाइरहँदा हामी हाम्रो मुलुकमा बढिरहेको नेतृत्व र युवा मनोविज्ञानबीचको दूरीले घोत्लिन बाध्य भयौं ।

नेपाली काङ्ग्रेसका कुनै नेतासँग कुरा गर्नुस्, उनी सात सालबाट आफ्नो कुरा सुरु गर्छन् र आफ्नो पार्टीले 'तीनवटा क्रान्तिको सफल नेतृत्व गरेको' गौरवगाथा सुनाउँदै मख्ख पर्छन् । जेल, निर्वासन र आन्दोलनमा आफूले गरेको लगानीले

उनको संवादको आधाभन्दा बढी हिस्सा ओगट्छ। कुनै एमाले नेतासँग बात मार्नुस्, पञ्चायती तानाशाही विरुद्धको आन्दोलन, भूमिगत जीवन र नौ महिने लोकप्रिय सरकारकै वरिपरि कुराहरू केन्द्रित हुन्छन् । मदन भण्डारी र जनताको बहुदलीय जनवादको व्याख्या उनको कुराकानीमा छुट्दैन । अनि कुनै माओवादी कामरेडसँग कुराको मेसो झिक्नुस्, 'हाम्रो महान र गौरवशाली पार्टी' बाट कुराको श्रीगणेश हुन्छ र 'महान जनयुद्ध' को वरिपरि कुरा रिङ्गेको रिङ्ग्यै गर्छ । 'निश्चितैरूपमा आफू युद्धको नयाँ मोर्चामा रहेको' स्पष्टीकरण उनको कुरामा छुट्दैन र 'आफूहरूलाई धोखा दिइएमा जहाँसुकै बारुद बनेर पड्किन तयार रहेको' चेतावनी बारम्बार पुनरावृत्त भइरहन्छ ।


अर्थात् हामी अतीतजीवी छौं ।

सात सालको परिवर्तन त्यतिबेलाको सन्दर्भमा महान थियो, जसले हामीलाई पहिलो चोटि आधुनिक विश्वका सामु नागरिक राष्ट्रको रूपमा स्थापित गरिदियो। छयालीस सालको आन्दोलन ऐतिहासिक थियो, जसले बहुदलीय प्रतिस्पर्धा, मानव अधिकार र नागरिक स्वतन्त्रतालाई स्थापित गर्दै नेपाललाई प्रजातान्त्रिक विश्वव्यवस्थाको अङ्ग बनाइदियो। यी आन्दोलन तत्कालीन सन्दर्भमा युगान्तकारी थिए र तिनले स्थापित गरेका कतिपय मूल्यहरू आज पनि सान्दर्भिक छन् । एघार वर्ष लामो हिंसात्मक आन्दोलन 'जनयुद्ध' थियो कि थिएन र त्यो 'महान' रह्यो कि रहेन, इतिहासको इजलासमा यो मुद्दा विचाराधीन छ । तर त्यो आन्दोलनले नेपाली समाजलाई जगैदेखि हल्लाइदिएको सत्य हो र आज प्राप्त उपलब्धिको निम्ति त्यसको पनि योगदान रहेको तथ्यलाई इन्कार्नु पूर्वाग्रही बन्नु हो ।

तर यी सबै आन्दोलनका सीमा थिए। तिनीहरूले नेपाली समाजको अर्थराजनीतिक समस्याको समुचित समाधान दिन सकेनन् । आफ्नै सीमाका कारण समयक्रममा यी आन्दोलन र परिवर्तनहरू विफल भए । सात सालले समाधान दिएको भए नेपाल त्यति नै बेला मुक्त भएका चीन, भारत र कोरियाको हाराहारी पुगिसकेको हुनेथियो। छयालिस सालले राष्ट्रिय समस्याको पूर्ण निदान र उपचार गर्न सकेको

भए हामी पनि दक्षिण अफ्रिकाकै समकक्षमा हुनेथियौं । 'महान जनयुद्ध' ले समाधान दिएको भए 'जनगणतन्त्रको संविधान' को सट्टा लोकतान्त्रिक संविधान निर्माण गर्नुपर्ने र लडाकु समायोजन तथा पुनर्स्थापनको यो कष्टसाध्य प्रक्रियामा छिर्नैपर्ने थिएन । त्यसो भएन र हामीले आन्दोलनको बेग्लै बाटो लिनुपऱ्यो ।

**युवा साक्षरता (उमेर समूहको आधारमा)**




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।

नेपालमा युवा साक्षरता (१६ वर्षदेखि ३५ वर्ष) ६० प्रतिशत रहेको छ। लैङ्गिक हिसाबमा पुरुष साक्षरता ७४.३ % र महिला साक्षरता (४७.३%) प्रतिशत छ, जुन कुल जनसङ्ख्याको वा १५ वर्षभन्दा माथिका जनसङ्ख्यामा रहेको साक्षारताभन्दा धेरै बढी हो। आफूलाई साक्षर बताउने ६०% युवाहरुमध्ये ५% पुरुष तथा ११% महिला अनौपचारिक शिक्षाका माध्यमबाट साक्षर भएको पाइएको छ। १०% भन्दा कम महिलाले मात्रै कलेजको मुख देखेका छन्। अत्यधिक महिलाहरु (७९%) ले प्राथमिकदेखि एस.एल.सी.सम्मको शिक्षा प्राप्त गरेका छन्। नेपालको शैक्षिक तथ्याँकले भन्छ-जति जति उमेर बढ्दै जान्छ साक्षरता प्रतिशत घट्दै गएको छ।

मेरो हृदय असाध्यै दुखिरहेको छ किनकि मलाई थाहा छ- मैले मेरी गरिब आमाको हृदय छियाछिया पारेको छु र मेरो घर असह्य पीडाले आहत भएको छ। म एउटा राजनीतिक बन्दी हुँ। म राजनीतिक बन्दी हुँ किनभने म त्यस्तो लम्बेतान युद्धको शिकार भएको छु, जुन उत्पीडित आइरिस जनता र हाम्रो भूमि छाड्न नमान्ने एउटा पराइ, आक्रमणकारी, अवाञ्छित सत्ताबीच लडिंदैछ।.... म एच ब्लकको पाशविकता अन्त्य गर्नका लागि मात्रै या पाउनैपर्ने राजनीतिक बन्दीको मान्यता पाउनका लागि मात्रै मर्न गइरहेको छैन, बरु मुख्यतया (यसकारण मर्न गइरहेको छु कि) यहाँभित्र जे गुमेको छ, त्यो गणतन्त्रको लागि हो र ती विपन्न उत्पीडितहरूका लागि हो, जसलाई 'जागृत जनता'को रूपमा चिनाउन पाउँदा आफूलाई गौरवान्वित ठान्छु।'

– बबी स्याण्ड्स



# स्वप्नभङ्गता

निरङ्कुश राजतन्त्र समाप्त पार्न रित्ता हात आन्दोलनमा उत्रिरहेको बेला, एक युगमा एक चोटि आउने संविधानसभा निर्वाचनमा मतदान गर्न लामबद्ध भइरहेको बेला र गणतन्त्र स्थापनाको खुसियालीमा मध्यरातसम्म सडकमा उल्लास मनाइरहेको बेला नेपाली युवाहरूको आँखामा बेग्लै सपनाहरू लहराइरहेका थिए। तर आज युवाहरूमा सर्वत्र असन्तुष्टि छ, आक्रोश छ, मोहभङ्गको चुनौतीपूर्ण सिलसिला प्रारम्भ भएको छ। नेतृत्व र युवापुस्ताको बीच ठूलो 'ग्याप' देखा परेको छ। युवाहरू आफूहरूलाई 'खालि उपयोगमात्रै गरिएको' बुझाइमा छन्। आफ्ना सरोकार, चिन्ता र हितलाई उपेक्षा गरिएको गुनासो उनीहरूमा तीव्र छ र २०६२/६३ ताका आकर्षणको विषय बनेको राजनीतिलाई फेरि 'फोहरी खेल' को रूपमा बुझ्ने मनोविज्ञानको विकास भएको छ।

हुन पनि, तस्बिरका केही पाटा हदै निराशाजनक छन्। बेरोजगारी समस्या सुरसाको मुखजस्तो बढेको बढ्यै छ। कोरियामा रोजगारीका चार हजार सिटकालागि भाषा परीक्षाको फारम भर्न राति बाह्र बजेदेखि लागेको ४२ हजार युवाको लाम, त्रिभुवन

अन्तर्राष्ट्रिय विमानस्थलमा अध्यागमन डेस्कअघि उभिएका खाडी र मलेसिया जाने दैनिक झण्डै ८ सय युवाहरूका उदास आँखा, सेना, प्रहरी वा अनुसन्धानमा सिपाही बन्न या विद्युत, खानेपानी आदि संस्थानमा पियनको जागिरका लागि समेत नेताबाट भनसुन गराइपाउन कुदिरहेको भीड- सबैले 'नयाँ नेपाल' का हाम्रा दाबीमाथि चोटिलो व्यङ्ग्य गरिरहेका छन् । शिक्षा झनै महङ्गो र स्तरहीन बन्दै गएको छ । सेवाग्राहीले पाउने सुविधा झनै कठिन र व्यवस्थामा झनै भद्रगोल थपिएको छ । एउटा हिंसाको शृङ्खला रोकिए पनि नयाँ ढङ्गको हिंसा बढिरहेको छ । युवाहरू नै त्यस्तो हिंसाको संवाहक पनि र निशाना पनि बनिरहेका छन् । भविष्यमाथि अन्यौलका बादल यथावत छन् । भूमण्डलीकरण, आधुनिकीकरण र खुल्लापनले ल्याएको तीव्र प्रतिस्पर्धा, उपभोक्तावाद र सङ्क्रमणको बीच युवा आफूलाई झनै असुरक्षित, निसहाय र उपेक्षित महसुस गरिरहेको छ ।

तर उनीहरूको यो पीडा नेतृत्वको वार्तामा एजेण्डा बनेको छैन ।


निश्चय नै, परिवर्तनको छोटो समयमा सबै समस्याको समग्र समाधानको अपेक्षा गर्न सकिँदैन । 'चमत्कार' को सपना हावादारी कुरा हो । यस्ता सपनाले मान्छेलाई आफ्नै बलबुतामा परिवर्तन गर्न सकिने कुरामा आशावादी र क्रियाशील होइन, कुनै अदृश्य शक्तिको जादुमयी भूमिकाको मुख ताक्ने बनाइदिन्छ । त्यसैले 'चमत्कार' को सपना देखाउनेहरूले युवामा झनै बढी निराशाको सञ्चार गरिरहेका छन् । तर कम्तीमा पनि घटनाक्रमहरू सही दिशातिर अघि बढिरहेको, हामीले ढिलै भए पनि प्रगति गर्दै गरेको र आज नभए भोलि, भोलि नभए पर्सि समस्याको समाधान हुने कुरामा विश्वास स्थापित गर्न सकेको भए कुरा बेग्लै हुन्थ्यो । तर हामी यहीँनिर चुकिरहेका छौं । लोकतान्त्रिक परिवर्तनपछि पनि राज्यले युवाहरूको अजस्र ऊर्जालाई राष्ट्र निर्माणमा लगाउने नीति बनाउन सकेको छैन । राष्ट्र निर्माणका मुख्य संवाहक युवाहरूलाई कसरी यस अभियानमा संलग्न गराउने ? शिक्षा, स्वास्थ्य, जस्ता उनीहरूको प्रत्यक्ष सरोकारका विषयलाई कसरी अधिकारको रूपमा प्रत्याभूत गर्ने र त्यस क्षेत्रमा लगानी कसरी बढाउने ? रोजगारीका अवसरको सिर्जना र त्यसमा सहज पहुँच कसरी कायम गर्ने ? खेलकुद, मनोरञ्जन जस्ता

क्षेत्रमा युवाहरूका आकाङ्क्षाको परिपूर्ति कसरी गर्ने ? युवाहरूलाई अन्वेषण-अनुसन्धानमा कसरी उत्प्रेरित गर्ने ? विकृतिहरूबाट उनीहरूलाई कसरी मुक्त गर्ने ? सर्वोपरि रूपमा सुन्दर राष्ट्र, सुरक्षित भविष्य र अवसरको समानताप्रति उनीहरूलाई आश्वस्त कसरी तुल्याउने ? यस्ता गंभीर प्रश्नमा सार्थक बहस भएकै छैन । खालि सरकार गठन-विघटनका वरिपरि घुमेको राजनीतिमा युवाहरूका सरोकारका विषय ओझेलमा पारिएका छन् ।

संरचनागत परिवर्तन हुन नसक्नुको परिणाम हो- युवाका निम्ति न अवसरको वृद्धि भएको छ न भएका अवसरमा नै उनीहरूले बिना भेदभाव पहुँच पाउन सकेका छन् । पञ्चायतकालकै विरासत बोकेर आज पनि एउटा सानो अवसरका लागि 'शक्तिपीठ' धाउनै पर्ने र पहुँच नहुनेहरू जतिसुकै योग्य भए पनि अवसरबाट वञ्चित हुने पीडा यथावतै छ। 'सोर्स फोर्स' का लागि नेताहरूका घर-घरमा धाउने या मन्त्रालयमा लाइन लाग्नु पर्ने स्थिति हामीले ल्याएको गणतन्त्र, लोकतन्त्र र नयाँ नेपालको निम्ति ठूलो व्यङ्ग्य हो। तर दुर्भाग्यवस, हामी प्रणाली बसाल्न ध्यान दिइरहेका छैनौं । 'राम्रा मान्छे' छाडेर 'हाम्रा मान्छे' लाई काखी च्याप्दा र 'हाम्रा मान्छे' बाट पनि स्खलित भएर 'मेरा मान्छे' मा झर्दा आज धेरै युवाहरू निराश बन्न पुगेका छन् ।

नीति निर्माण गर्ने संरचनामा युवाहरूको सहभागिता पनि प्रभावकारी बन्न सकेको छैन। नेपाली समाज असाध्यै परम्परावादी छ, 'हाइरार्कियल' छ। 'खुकुरी भन्दा कर्द लाग्ने !', 'ओठ निचोर्दा दुध आउँछ होला, अझ ठूलो कुरा गर्छ !', 'कस्ता कस्ता कहाँ गए, मुसाका छोरा दरबार !' हाम्रो परम्परावादी मानसिकता र युवा पुस्ता एवं विपन्न वर्गलाई हेपिने गरेको दृष्टान्त हुन् यी उखान टुक्काहरू । दुर्भाग्यवस, हाम्रो सामाजिक मनोविज्ञान यस्तै तत्वबाट निर्मित छ । युवाहरू अविश्वासको शिकार बनिरहेका छन्, जिम्मेवारीबाट वञ्चित बनाइएका छन्।

## गन्तव्य देशको आधारमा युवा आप्रवासन




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।

३.४% नेपालीहरु वैदेशिक रोजगारीमा छन्। सिङ्गो युवाहरुमध्ये ७% भन्दा बढी वैदेशिक रोजगारीमा छन्। ती युवाहरु मध्ये ७३% भन्दा बढी भारतमा छन् भने बाँकी २७% मलेशिया, साउदी अरब, कतार, हङ्गकङ्ग, युरोप, अमेरिका लगायत विश्वका विभिन्न मुलुकमा छरिएका छन्। वैदेशिक रोजगारीमा जाने युवाहरुमध्ये ८९% पुरुष र ११% महिला छन्। कुल आप्रवासी युवामा दुई तिहाइ १६-२४ वर्ष उमेर समूहका युवाहरु छन्। यसरी जोश र जाँगर बोकेका अधिकांश उत्पादनशील युवाहरु विदेश पलायन हुनुले देशको श्रमशक्तिमा नकारात्मक असर पर्न थालको छ।

लोकतान्त्रिक पार्टीहरूमा समेत युवाहरूप्रतिको अविश्वास देखिन्छ । सहज ढङ्गले र स्वस्थ प्रतिस्पर्धाको आधारमा नेतृत्व चयन गर्ने विधिलाई सकभर नियन्त्रण गर्ने, बन्द कोठाबाट नेतृत्वको अलोकतान्त्रिक निर्णय गराएर त्यसैलाई स्थापित गर्न खोज्ने, युवाहरूलाई विभिन्न बहानाबाट नेतृत्वमा प्रतिस्पर्धा गर्न तथा विजयी हुनबाट वञ्चित गर्ने र आलङ्कारिक रूपमा केही युवाहरूलाई नेतृत्वमा सहभागी बनाए पनि नीति निर्माणको निर्णायक अवसरबाट उनीहरूलाई वञ्चित गर्ने प्रवृत्ति विद्यमान नै छ। आन्तरिक लोकतन्त्र अलि फराकिलो भएको ठाउँमा युवा सहभागिता अलि बढी भए पनि लोकतन्त्र सङ्कुचित भएका पार्टीहरूमा युवाहरूको एउटा सिङ्गो पुस्ता आफ्नो ल्याकत परीक्षा नै गर्न नपाइकन 'अयोग्य पुस्ता'को रूपमा राजनीतिक परिदृश्यबाट बिदा हुन विवस भएको छ । 'वञ्चित पुस्ता' (Stolen Youth) को यो अवस्थिति नेपाली राजनीतिको एउटा विडम्बनापूर्ण तस्बिर हो ।

फलतः बाराक ओबामा, टोनी ब्लेयर या मेद्येदेभ जस्ता पचास नपुगेका व्यक्तिहरूले संसारका शक्तिशाली राष्ट्रहरूको नेतृत्व गरिरहेको या गरेर बिदा समेत भइसकेको विश्व पृष्ठभूमिमा नेपाली युवाहरू भने सत्तरी वर्षका राजनीतिकर्मीले 'युवा पुस्ता' को पगरी भिरेको हास्यास्पद दृश्य हेर्न अभिशप्त छन् ।

यतिबेला युवाहरूमा हामीलाई आन्दोलनमा उपयोग मात्रै गरियो, हामीहरू नेताहरूको सत्तारोहणका निम्ति भऱ्याङ्ग मात्र बन्न पुग्यौ भन्ने मनोविज्ञानको निर्माण हुन लागेको छ । राष्ट्र निर्माणको निम्ति युवाहरूमा हुर्किन लागेको यो मनोविज्ञान निकै गंभीर चुनौती हो ।


युवाहरूको अजस्र ऊर्जा र उनीहरूका असीमित आकाङ्क्षाहरू समाज निर्माणका आधार हुन् । उनीहरूको त्यही सपनामा नै परिवर्तन र नयाँ राष्ट्र निर्माणको आधार अन्तर्निहित हुन्छ । तर उनीहरूका सपना भङ्ग भए भने, स्वप्नभङ्गताको त्यो स्थिति समाजको स्थायित्व र अमनचैनको लागि निकै गंभीर चुनौती बन्न जान्छ । यसमा नीतिनिर्माताको गंभीर ध्यान जानुपर्छ ।

बहुदलीय प्रजातन्त्रमा संसदको एक कार्यकाल पनि पूरा हुन नपाउँदै त्यसका विरुद्ध किन हतियार उठाइयो भन्ने प्रश्न आज पनि अनुत्तरित छ । यसको विश्लेषण र समिक्षा बेग्लै सन्दर्भमा गरिएला । तर असमयमा र अनावश्यक रूपमा उठाइएको हिंसात्मक सङ्घर्षले पनि निकै छोटो समयमा विस्तार गऱ्यो । यसका पछाडिको एउटा महत्वपूर्ण पक्ष यसमा एउटा युवापङ्क्तिको उल्लेख्य सहभागिता पनि थियो । र त्यसको एउटा कारण थियो, उनीहरूमा उत्पन्न भएको निराशा । छयालीसको परिवर्तनले जगाएका आशा-आकाङ्क्षाहरू पूरा नहुनु, राजनीति विकृत बन्दै जानु, प्रजातन्त्र 'जनताको तन्त्र' नभएर सीमित नेताहरूको 'तन्त्र'मा सीमित हुनु र युवाहरूले आफ्नो निम्ति काम गरिएको, आफ्नो भविष्य सुरक्षित गर्ने प्रणाली स्थापना गरिएको नदेख्नु नै त्यो निराशाको कारण थियो । त्यही निराशालाई उपयोग गर्दै र सपनाहरूको व्यापार गर्दै हिंसात्मक आन्दोलनमा युवाहरूलाई भरपूर प्रयोग गरियो ।

सपना देखाउनु सजिलो छ । सस्तो सपनामा युवाहरूलाई उपयोग गर्न सजिलो छ । तर सपना पूरा नहुँदाको अवस्थामा स्वप्नभङ्ग युवाहरूको व्यवस्थापन समाजको लागि निकै ठूलो चुनौती हो । असन्तुष्ट युवाहरूको मनोविज्ञान समाजका लागि ज्वालामुखीको मुख जस्तो बन्न सक्ने खतराको सम्मुख उपस्थित छौं यतिबेला हामी ।


यसरी हेर्दा, परिवर्तनपछि पनि युवाहरूलाई केन्द्रित गरेर नीति निर्माण नहुनु, नीति निर्माण गर्ने र निर्णय गर्ने ठाउँमा युवाहरूको अर्थपूर्ण उपस्थिति नहुनु, आन्दोलनमा आफूलाई उपयोग मात्रै गरिएको मनोविज्ञान युवामा बढ्दै जानु, युवा पङ्क्तिमा हिंसा, मुठभेड र बाहुवलको प्रयोग बढ्दै जानु र तर्क विवेक र सहिष्णुताको पक्ष क्षय हुँदै जानु युवा क्षेत्रमा देखा परेका गंभीर चुनौती हुन् । परिणामतः यसले युवाहरूमा पलायन, निराशा र विकृति बढाइरहेको छ । राजनीतिमा 'रोल मोडल' को अभाव र मूल्यहरूको निरन्तर गिरावटले आम युवालाई राजनीतिबाट अलग्याउँदै लगिरहेको छ । पहुँच हुने र अवसर प्राप्त गर्नेहरू त राजनीतिमा छन्, तर निष्ठावान, स्वाभीमानी र मूल्यको राजनीति गर्न चाहने युवाहरूलाई राजनीतिले

उत्साहित गर्न सकिरहेको छैन । राजनीतिमा युवा सहभागिता वृद्धिको सन्दर्भमा यी कुराहरू चुनौतीका रूपमा विद्यमान छन् ।



यदि कसैले आफ्नै लागि मात्र काम गर्छ भने, ऊ एक प्रसिद्ध विद्वान, ठूलो ज्ञानी, ठूलो कवि त बन्न सक्ला सायद, तर ऊ कहिल्यै पनि परिपूर्ण, साँच्चिकै महान् व्यक्ति बन्न सक्दैन। इतिहासले त्यस्ता मानिसलाई सबभन्दा महानको सङ्ज्ञा दिन्छ, जसले साझा भलाइका लागि काम गरेर आफूलाई प्रतिष्ठित बनाएको हुन्छ। अनुभवले के बताउँछ भने सबभन्दा सुखी मानिस त्यो हो, जसले अधिकतम धेरै मानिसहरूलाई सुखी बनाएको हुन्छ।

\- कार्ल मार्क्स




# दुई थरि भ्रान्ति

नेपाली राजनीतिका दुइवटै मुख्य 'स्कुल'मा सामाजिक-आर्थिक परिवर्तनबारे ठूलो भ्रम विद्यमान छ। 'उदार प्रजातन्त्र' मा विश्वास गर्ने काङ्ग्रेस स्कुलमा राजनीतिक स्वतन्त्रता नै मुख्य कुरा हो, सामाजिक-आर्थिक विकासका अवसर त बजार स्वयंले सिर्जना गर्छ भन्ने भ्रान्त दृष्टिकोण छ। त्यसैले त्यो स्कुलले सितिमिति सामाजिक-आर्थिक परिवर्तनका मुद्दालाई आन्दोलनको मुद्दा बनाउँदैन। सामाजिक-आर्थिक अधिकारलाई राजनीतिक अधिकार जत्तिकै र अझ कतिपय सन्दर्भमा त्यो भन्दा बढी महत्वपूर्ण ठान्ने वामपन्थी स्कुलमा पनि अर्को भ्रम जब्बररूपमा छ- अहिले राजनीतिक क्रान्ति पूरा गर्ने चरण हो, यो पूरा भएपछि मात्रै सामाजिक-आर्थिक परिवर्तनका विषयमा प्रवेश गर्न सकिन्छ। अझ 'ध्वंस पछि मात्रै निर्माण हुन्छ' भन्ने उग्रवामपन्थी स्कुलिङमा हुर्केकाहरू त अहिले चाहे मजदुर हितका चर्का नारामा होस् चाहे राष्ट्रवादको आवरणमा- भएका सीमित उद्योगधन्धा, कलकार्खाना र संभाव्य विद्युत परियोजनामा समेत निरन्तर अवरोध सिर्जना गरिरहेका छन् र मुलुकलाई आर्थिकरूपमा टाट पल्टिने अन्धकार दिशातिर धकेल्दैछन्। आज कतिपय पार्टीका नेता/ म्यानपावर कम्पनीका संरक्षक या जग्गा दलाल बन्न पुगेका छन्।

जबकि उनीहरूको भूमिका देशभित्रै रोजगारीका अवसर सिर्जना गर्ने, तत्काल विदेश जाने प्रवाहलाई रोक्न नसके पनि विदेश जाने युवालाई दक्ष या अर्धदक्ष सीपसहित पठाउने र प्राप्त रेमिट्यान्सलाई उद्यममा लगाउने सहजकर्ताको हुनुपर्थ्यो । उनीहरू जग्गा प्लटिङ गरेर कङ्क्रिटका पर्खाल खडा गर्ने होइन कृषिको व्यवसायीकरणको पहलकर्ता हुनुपर्थ्यो ।

क्रान्ति, जनवाद या समाजवाद गन्तव्यमात्रै होइनन्, यात्रा पनि हुन् । क्रान्ति एक दिनमा पूरा हुने या कुनै घोषणा विशेषले सम्पन्न हुने परिघटना होइन । त्यसैले आजैदेखि सामाजिक-आर्थिक रूपान्तरणलाई राजनीतिक कार्यसूचीकै हाराहारी लैजानुपर्छ, तबमात्रै राजनीतिक रूपान्तरण संभव र दिगो बन्न सक्छ । यो कुरा बुझ्न र स्थापित गर्न नसक्नु आजको बिडम्बना हो । आन्दोलन, निर्वाचन या युद्धमा सबैभन्दा बढी रगत-पसिना बगाउने युवाका मुद्दाहरू परिवर्तनपछि उपेक्षित हुनु गंभीर चुनौतीको विषय हो । पहिले संविधान बनाऊँ त्यसपछि मात्रै तिम्रा कुरा सुनौंला भन्नु, पहिले शान्ति प्रक्रिया टुङ्गिन देऊ त्यसपछि मात्रै तिम्रा विषयमा ध्यान दिउँला भन्नु या पहिले हाम्रो सरकार बन्न देऊ अनि सबै कुराको समाधान गरिदिउँला भन्नु गलत कुरा हो । तपाईंले हिजो राणा शासन पल्टाउन महत्वपूर्ण भूमिका खेल्नुभयो होला । त्यसको लागि तपाईंको उचित कदर हुनुपर्छ, तर ती क्रान्ति कथाले आजका समस्याको समाधान दिँदैनन् । हिजो तपाईं पञ्चायत फाल्न ज्यान हत्केलामा राखेर लड्नुभयो होला । यसका लागि तपाईंलाई समाजले धन्यवाद दिनैपर्छ, तर त्यो इतिहास वर्तमानका चुनौतीलाई सामना गर्न पर्याप्त छैन । तपाईंले एम्बुस थापेर राज्यका सुरक्षाकर्मीका ठूलो सङ्ख्यामा ज्यान लिनुभयो होला या टाउकाको मूल्य तोकिएको तपाईं तिलस्मी ढङ्गले घेराउ तोडेर उम्किन सफल हुनुभयो होला । त्यसको पनि समयक्रममा मूल्याङ्कन होला । तर 'जेल ब्रेक' या 'ब्यारेकमाथिको सफल आक्रमण' का रोमाञ्चक प्रवचनले आजको समस्या टार्दैन । यहाँसम्म कि, २०६२/६३ को आन्दोलनको शौर्यले मात्रै पनि वर्तमानका चुनौती थेग्दैन ।

## युवा संलग्न विविध क्षेत्र (उमेर समूहको आधारमा)




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।

कृषि, वन तथा मत्स्यपालनका क्षेत्रमा आर्थिकरूपले सक्रिय दुई तिहाइ नेपाली जनसङ्ख्या संलग्न छन्। यस क्षेत्रमा पुरुषहरुको तुलनामा महिलाहरु १२% ले बढी छन्। युवा जनसङ्ख्यामा यो खाडल अझ धेरै (१८%) छ। सामाजिक/सांस्कृतिक परम्पराका नाममा महिलाहरुलाई घर बाहिरको काममा संलग्न हुने कम अवसर प्राप्त भएकाले पनि प्रायः सबै क्षेत्रमा पुरुषहरु नै बढी मात्रामा संलग्न छन्। कृषि, वन तथा मत्स्य पालन पछि नेपाली युवाहरु म्यानुफ्याक्चरिङ तथा थोक तथा खुद्रा व्यापारमा संलग्न छन्।

त्यतिबेला १० कक्षा पढ्दै गरेको किशोर आज स्नातक पढ्ने भएको छ । त्यतिबेला पुलिसमाथि इँटाको टुक्रा प्रहार गर्दै गरेको १३ वर्षे बालकले आज वालिग मताधिकार पाएको छ । उनीहरूको हकमा गणतन्त्रको सान्दर्भिकता त्यतिबेला मात्रै स्थापित हुनेछ, जतिबेला हामीले शिक्षा, स्वास्थ्य, रोजगारी, अवसरमा समान पहुँच, खेलकुद, मनोरञ्जन र व्यक्तित्व विकासको सहज वातावरण सुनिश्चित गर्न सक्छौं । अन्यथा, निराशा र कुण्ठाले ग्रस्त त्यो किशोर या त्यो युवा अरु कसैको आह्वानमा त्यसैगरी ढुङ्गा हान्न हिंड्नेछ । अरु कसैले क्रान्ति र बन्दुकका चर्का कुरा गर्‍यो भने त्यतै लहसिएर मर्न-मार्न तयार हुनेछ ।

दुर्भाग्यको विषय के हो भने, हामी कहिल्यै पनि युवाहरूको यो मनोविज्ञानबारे गंभीर छलफल गर्दैनौं । उच्चस्तरीय वार्तामा यस्ता विषय कहिल्यै एजेण्डा बन्दैनन् । युवाहरू 'टेकन फर ग्रान्टेड' जस्ता भएका छन् । आफूहरू उपेक्षित भएको अनुभूति गहिरिदै गएका युवामा नेतृत्व, राजनीति र समग्र स्थितिप्रति नै असन्तुष्टि बढ्दो छ । तर नेतृत्व अतीतको गौरवगाथाको खोलभित्र कछुवाजस्तै खुम्चिरहेको छ, वर्तमानका प्रश्न र भविष्यका चुनौतीप्रति प्रायः बेखबर छ ।

अतीतजीवी नेतृत्व र भविष्यमुखी युवाबीच विस्तारै पर्खाल खडा हुँदै गइरहेको छ ।



अनिवार्यताको पाङ्ग्राले
पेल्दै परिवर्तन हुने होइन,
बरु त्यो निरन्तर सङ्घर्षका
कारणले मात्र हुन्छ। तसर्थ,
हामीले आफ्नो ’ढाड’ बलियो
बनाउनुपर्छ र स्वतन्त्रताका
लागि लागिरहनुपर्छ। भनिन्छ-
’ढाड ननिहुरिएसम्म त्यसमाथि
कोही पनि चढ्न सक्दैन।

- मार्टिन लुथर किंग जे आर



# परिवर्तनको आन्दोलनमा युवा

नेपालका प्रत्येक ऐतिहासिक राजनीतिक परिवर्तनहरूमा युवाहरूको अर्थपूर्ण सहभागिता र निर्णायक भूमिका रहँदै आएको छ । भीमसेन थापाको अगुवाइमा सञ्चालित देशभक्तिपूर्ण युद्धको प्रत्येक मोर्चामा युवाहरू नै अग्रपङ्क्तिमा थिए । मानवतावादी आन्दोलनको अगुवाइ गर्ने जयपृथ्वीबहादुर सिंह हुन् या ‘मकैको खेती’ लेखन, लाइब्रेरी स्थापना या पत्रिका प्रकाशनद्वारा सामाजिक जागरणको दियो बाल्ने अगुवाहरू- ती युवा नै थिए । १९९७ मा जीवन उत्सर्ग गर्ने प्रातःस्मरणीय सहिदहरू सबै युवा थिए र गङ्गालाल श्रेष्ठ त जम्मा २२ वर्षका मात्रै थिए । नेपालको पहिलो श्रमिक आन्दोलन विराटनगरमा सुरु गर्दा मनमोहन अधिकारी र गिरिजा कोइराला आफ्नो युवावस्थामा थिए भने नेपाली काङ्ग्रेस स्थापना गर्दा वी.पी. कोइराला र नेपाल कम्युनिस्ट पार्टी स्थापना गर्दा पुष्पलाल भर्भराउँदा युवा थिए । सात सालको क्रान्तिमा ज्यान अर्पण गर्ने थिरबम मल्ल हुन् या सत्र सालमा राजा महेन्द्र विरुद्ध कालो झण्डा देखाउने शैलजा आचार्य, सहिद दुर्गानन्द झा हुन्

या रत्न कुमार वान्तवा, झापाको सुखानीमा सहादत प्राप्त गर्ने रामनाथ दहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल, नारायण श्रेष्ठ र वीरेन राजवंशी हुन् या नेपाली काङ्ग्रेसको आह्वानमा जीवन उत्सर्ग गर्ने राम लक्ष्मण- आन्दोलनको अग्रपङ्क्तिमा जहिल्यै युवाहरू रहेका छन्। 'निर्विकल्प' भनिएको पञ्चायतलाई जगैदेखि हल्लाउने ३५/३६ को आन्दोलनको अभियन्ताहरू युवा विद्यार्थीहरू नै थिए। 'राजासँग घाँटी जोड्ने' र एउटै चुनाव चिह्न पाएमा पञ्चायतमा भाग लिन ठिक्क परेका नेताहरूलाई प्रजातन्त्रको निम्ति निर्णायक लडाइँमा उतार्न बाध्य पार्ने पनि युवा नै थिए। अर्थात् २०४६ सालको आन्दोलनका ऊर्जास्रोत युवाहरू थिए।

तर त्यति ठूलो मूल्य चुकाएर प्राप्त गरेको प्रजातन्त्र जोगिन सकेन। पुरानो पुस्ताकै गंभीर कमजोरीका कारण 'बाह्र वर्षमा खोलो फर्क्यो' अर्थात् राजा ज्ञानेन्द्रले 'कु' गरे। राजतन्त्रसँग निर्णायक लडाइँ लड्ने आँट जुटाउन नसकेर 'प्रतिगमन सच्चिने' या 'दरबारबाट सकारात्मक सङ्केत' आउने आशामा बसेको नेताहरूलाई राजतन्त्रसँग अन्तिम लडाइँ लड्न र संविधानसभा एवं गणतन्त्रमा जान बाध्य पार्ने काम युवाहरूले नै गरेका थिए। हामीलाई ताजा सम्झना छ-आन्दोलनका कतिपय एजेण्डा पार्टीहरूका बैठकबाट होइन, सडकबाट तय भएका थिए।

माओवादीले सुरु गरेको हिंसात्मक आन्दोलनको औचित्य आज पनि बहसको विषय छ र त्यसले छाडेका केही दूरगामी प्रभावहरूको मूल्य नेपाली राजनीतिले भोलि पर्यन्त चुकाइरहनु पर्नेछ। तर माओवादी आन्दोलनका मुख्य संवाहक र ऊर्जा युवा नै थिए।

अर्थात् नेपाली समाजको परिवर्तनका निम्ति गरिएका हरेक आन्दोलन, अभियान र सङ्घर्षमा युवाहरू अग्रपङ्क्तिमा छन्। बलिदान गर्ने सिलसिलामा उनीहरू सर्वाधिक अगाडि छन् र आन्दोलनको मुख्य संवाहक रहेका छन्।

आन्दोलनमा यति ठूलो योगदान र भूमिकाका बाबजुद परिवर्तन पछिको समाजमा युवाहरूको भूमिका भने न्यून छ। आन्दोलनमा उनीहरूको योगदानको मूल्याङ्कन

गर्दै राष्ट्र निर्माणमा उनीहरूलाई समुचित प्रयोग गर्ने कुरामा नेपाल चुक्दै आएको छ ।

हरेक राजनीतिक परिवर्तनले ठूलो आकाङ्क्षा जगाएर छाड्छ, ठूला सपना देखाएर जान्छ । सबै सपना एकैरातमा पूरा हुँदैनन् । तर कमसेकम सपनापूर्तिको प्रक्रिया प्रारम्भ हुनुपर्छ, त्यसको जग बसालिनुपर्छ र त्यसको दिशा तय हुनुपर्छ । तर हाम्रो आन्दोलनको सर्वाधिक कमजोरी के हो भने उसले सपना त धेरै देखाउँछ, तर यसको कार्यान्वयन भने साह्रै फितलो छ । त्यसले गर्दा आन्दोलनप्रतिको जनविश्वास र अपनत्व कमजोर हुँदै गएको छ ।

राजनीतिक परिवर्तनपछि युवाहरूले गर्ने मुख्य अपेक्षा हुन्- राज्यका नीतिहरू युवा केन्द्रित बनून्, राज्यका संरचना युवा मैत्री होऊन् र एउटा यस्तो प्रणाली निर्माण होस्, जहाँ युवा सहभागिता, युवाको भूमिका अभिवृद्धि र युवाको पक्षमा काम गर्ने सहज वातावरण निर्माण होस् । त्यस्तै नीति निर्माणको तहमा र त्यसलाई कार्यान्वयन गर्ने ठाउँमा उनीहरूको अर्थपूर्ण सहभागिता होस् । यसले मात्रै परिवर्तनमा आफ्नो भूमिकाको कदर हुन सक्छ भन्ने युवाहरूको विश्लेषण उपयुक्त छ । युवा केन्द्री नीतिहरूको निर्माण र निर्णायक तहमा युवा सहभागिताले मात्र युवाको मागलाई संबोधन गर्न सक्छ । तर पटक-पटक ठूला राजनीतिक परिवर्तन भए पनि हामीले त्यस परिवर्तनलाई संरचनागत तहसम्म विस्तार गर्न सकिरहेका छैनौं । पुराना नीतिहरू कायमै छन्, पुराना संरचनाहरू यथावत छन् र पुरानै मूल्यहरू हावी छन् । राजनीतिक परिवर्तनलाई सामाजिक-आर्थिक रूपान्तरणको तहसम्म विस्तारित गर्न नसक्दा परिवर्तनको लाभ आम जनताले पाउन नसकिरहेको कटु यथार्थ हाम्रा सामु छ । त्यसैले परिवर्तन प्रायशः सीमित समूहको आत्मसन्तुष्टि र तृप्तिको साधन जस्तो मात्रै बन्न पुगेको छ । यसबाट सबभन्दा बढी पीडित, चिन्तित र खिन्न युवाहरू नै छन् ।

**माओवादी लडाकुहरू: पढ्ने अवसरबाट वञ्चित युवाहरु**

| शैक्षिक योग्यता | अनमिनको प्रमाणीकरण ताका | अहिले |
|---|---|---|
| एम ए | ४ | ९ |
| वी ए | २१ | ७८ |
| आई ए | ४६१ | ९१४ |
| एस एल सी | १७४४ | ३२७७ |
| एस एल सी भन्दा कम | १६२५ | ९५१ |
| आठ कक्षा पास | २५०२ | २६५८ |
| आठ कक्षा भन्दा कम | ४१२४ | २३४७ |
| शैक्षिक योग्यता नखुलेका | १९८ | ४४५ |
| जम्मा | १०६७९ | १०६७९ |

स्रोतः नेपाल सरकार

मलाई युवाहरुको एक पुस्ता मात्र देऊ !
र, म संसारलाई नै रुपान्तरण गरिदिन्छु !!

- भ्ला. ई. लेनिन



# युवा, हिंसा र ध्वस्त सपना

नेपाली समाजमा हिंसा ठूलो चुनौती बनेको छ । युवा पङ्क्ति सबैभन्दा जोखिमको घेरामा छ। माओवादी विद्रोहलाई गलत ढङ्गले अर्थ्याउँदै माग पूर्तिको साधनको रूपमा हिंसाको प्रयोगको विस्तारले समाजको शान्तिपूर्ण रूपान्तरण र लोकतान्त्रीकरणको प्रक्रियामा ठूलो बाधा सिर्जना गरिरहेको छ । तर्क, बहस, भावनात्मक र वैचारिक रूपान्तरण र मान्छेको मन जित्ने प्रक्रियालाई छाडेर हतियारको बलमा आफूप्रति नतमस्तक बनाउने, असहमतलाई भौतिक रूपमै सिध्याउने र त्रासको मनोविज्ञानद्वारा समाजलाई नियन्त्रणमा राख्ने प्रवृत्तिले कतिपय युवाहरूलाई आकर्षित गरिरहेको छ भने यससँग असहमतहरू हिंसाको शिकार बनिरहेका छन् । अनि जो हिंसालाई प्रयोग पनि गर्न चाहँदैनन् र हिंसाको प्रतिवाद पनि गर्न सक्दैनन्, उनीहरू ठूलो सङ्ख्यामा पलायन भएका छन् । यसरी हिंसाका संवाहक, हिंसाका स्रोत र हिंसाका शिकार गरी सबैतिरबाट युवा पङ्क्ति नै बनिरहेको छ । अनमिनको प्रमाणीकरणमा अयोग्य ठहऱ्याइएका तर पार्टीले विभिन्न आश्वासन दिँदै तीन वर्षभन्दा बढी

शिविरमा 'बन्दी' बनाएर पछि रित्तै हात बाहिर पठाएका पूर्व माओवादी लडाकुहरू आज सुरक्षाका दृष्टिले जोखिम बन्न पुगेका छन्, हुँदाहुँदा पार्टी कार्यालय र नेताहरूलाई घेराउ गर्ने ठाउँमा पुगेका छन् । सही ढङ्गले व्यवस्थापन गर्न सकिएन भने मर्न र मार्नमा अभ्यस्त माओवादी लडाकुहरूको ठूलो पङ्क्ति छरिएको बारुदको थुप्रोजस्तो हुन सक्नेछ ।

केही दिन अघि कामरेड पुष्पकमल दहाल 'सुरक्षा र सुविधा'को कारण देखाउँदै महिनाको एक लाख भन्दा बढी 'भाडा' तिर्ने गरी अत्याधुनिक बङ्गालामा सरे । त्यो घर, त्यसका घरबेटी, त्यसको स्रोतको विश्वसनीयताबारे सोधिखोजी गर्ने सञ्चारमाध्यम विरुद्ध उनको सचिवालयले 'क्रान्तिकारी पार्टीका विरुद्ध षडयन्त्र' को बिल्ला भिराइदिदै गर्दा चेक खोसिएका लडाकुहरू भने क्षतविक्षत सपना र असुरक्षित भविष्यको कुटुरो बोकेर शिविर छाड्दै थिए ।

२०४६ सालको परिवर्तनको ६ वर्ष बित्दानबित्दै, बहुदलीय प्रजातन्त्रको व्यावहारिक परीक्षण राम्रोसँग हुन पाउँदानपाउँदै र जनताको अभिमत लिन सकेमा शान्तिपूर्ण ढङ्गले पनि सरकार बनाउन सकिन्छ र जनताको हितमा अधिकतम काम गर्न सकिन्छ भन्ने कुरा व्यावहारिक रूपले स्थापित हुँदाहुँदै माओवादीले हिंसात्मक द्वन्द्व सुरु गर्‍यो । २०६२/६३ को ऐतिहासिक जनआन्दोलनले पुनःपुष्टि गर्‍यो- समाजको शान्तिपूर्ण रूपान्तरण संभव छ, हिंसा परिवर्तनको अनिवार्य र अपरिहार्य साधन होइन । त्यसैले माओवादीले गरेको हिंसात्मक आन्दोलनको सान्दर्भिकता, अनि त्यसमा भएको सत्र हजार व्यक्तिहरूको मृत्युको औचित्य पुष्टि हुन सकेको छैन । तैपनि, समाजमा व्याप्त असन्तुष्टिलाई उपयोग गर्दै माओवादीले छोटो समयमा आन्दोलन विस्तार गरेको सत्य हो र यसमा तत्कालीन राज्यव्यवस्थाले उपेक्षा गरेका विभिन्न समुदायको सहभागिता रहेको पनि उत्तिकै सत्य हो । खास गरी बेरोजगार, असन्तुष्ट र असुरक्षित भविष्य बोकेर बाँचिरहेका युवाहरूको एउटा पङ्क्ति माओवादी हिंसात्मक आन्दोलनमा आफ्नो भविष्य देखेर त्यसमा गाँसियो र माओवादीले त्यो युवा ऊर्जालाई हदैसम्म उपयोग पनि गर्‍यो । आखिर सपनाको व्यापार आकर्षक व्यापार नै हो ।

**तथ्याङ्कमा हिंसाका अपूरणीय घाउहरू**

| द्वन्द्वको पुरस्कार | संख्या | | | |
|---|---|---|---|---|
| | पुरुष | महिला | नखुलेको | जम्मा |
| मृतक | १६२४३ | १९१६ | ० | १८१५९ |
| बेपत्ता | १३७२ | १३१ | ० | १५०३ |
| अपाङ्ग | ७१२५ | १०६९ | १ | ८१९५ |
| घाइते | १४४५ | २९१ | ० | १७३६ |
| अपहरण | २६६२ | ३०३ | ० | २९६५ |
| कैद वा हिरासत | १२९९ | ११७ | ० | १४१६ |
| विस्थापित | १७२२१ | २३८३ | ७१ | १९६७५ |
| सम्पत्ति क्षति | १२२३९ | १५५६ | ४ | १३७९९ |
| जम्मा | ५९६०६ | ७७६६ | ७६ | ६७४४८ |

स्रोतः नेपाल सरकार

जे भए पनि, माओवादी समेतको सहभागितामा त्यति विशाल परिवर्तन भएपछि र लोकतान्त्रिक गणतन्त्र आए पछि, मुलुक नयाँ युगमा प्रवेश गर्‍यो । ‘साथी हो, तपाईं हाम्रो बलिदानले समाजमा यत्ति विशाल परिवर्तन भएको छ । आजको सन्दर्भमा राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना नै क्रान्ति हो र यसको संस्थागत सुदृढीकरण अबको कार्यदिशा हो । शान्ति प्रक्रियालाई पूर्णतामा पुर्‍याएर तथा नयाँ संविधान निर्माण गरेर हामी यो अभिभारा पूरा गर्छौं । त्यसपछि हाम्रा अगाडि शान्तिपूर्ण बाटोबाटै जनवाद र समाजवादमा जाने मार्गप्रशस्त हुनेछ । त्यसैले अब हिंसा आवश्यक छैन, तपाईंहरू शान्तिपूर्ण बाटोमा अग्रसर हुनुहोस् ।’ माओवादी नेतृत्वले त्यतिबेला आफ्नो पङ्क्तिलाई यसरी सम्झाउन सकेको भए र त्यो पानीको बेगलाई टर्बाइनमा जोड्न सकेको भए मुलुकले बेग्लै मोड लिने थियो । तर उसले लडाकु, कन्टेनरका हतियार र क्यान्टोनमेन्टलाई सधैंभरि बार्गेनिङ र ब्ल्याकमेलिङका

लागि प्रयोग गरिरह्यो । अब अर्को बाटो हिंड्न संभव छैन भन्ने भलिभाँती बुझेर पनि नेताहरू 'जनविद्रोह', 'क्रान्ति' र 'विस्फोट' का सूत्र दोहोर्‍याउन छाडेनन् । अहिले पाएका उपलब्धि केही होइन, यो भन्दा महान र सुन्दर उपलब्धिका लागि कुनै सुन्दर बिहान नेतृत्वले सिठी फुक्छ र हामी विद्रोहमा फेरि कुँद्छौं भन्ने स्कुलिङमा हुर्किएका लडाकुहरूका मनमा आज नेतृत्वले विश्वासघात गर्‍यो भन्ने प्रश्न उठेको छ भने त्यो स्वाभाविकै हो ।

कुनै दुःखान्त कथा पढेजस्तै छन् स्वेच्छिक बिदाइमा जाने लडाकुहरूका पीडाका उच्छ्वासहरू । कुनै बेला, कुनै ब्यारेक हमला गर्नु पूर्व, कदाचित् युद्धमा मारिइयो भने साथीहरूलाई सजिलो हुन्छ भनेर आफ्ना निम्ति आफै खाडल खन्थे रे लडाकुहरू । मिथक जस्तो लाग्ने यी सम्झनाहरू ताजै होलान् । तर आज ती युवाहरूलाई राज्यले दिएको पैसा कमाण्डरहरूले बलजफ्ती खोस्दैछन् र सुरक्षाका लागि उनीहरू प्रहरी चौकीको शरण लिन विवश छन् ।

'१० वर्षसम्म कालापहाड गएका थियौं, अब अढाइ लाख लिएर फर्किदैछौं । ज्यामीलाई दिएको ज्याला पनि फेरि आफैले खोसेर नेताहरूले सक्कली ठेकेदारको चरित्र प्रदर्शित गरे ।' एउटा दैनिकमा प्रकाशित एकजना लडाकुको यो अभिव्यक्ति निकै मर्मस्पर्शी छ । यस्तै मार्मिक छन् लडाकुका यी भनाइहरू- 'जनताको मुक्तिको सपना सपनै भयो, अहिले आफ्नै मुक्तिको खोजीमा छु', 'अढाइ लाखको त रहेछ न हगी हाम्रो जिन्दगी' र 'खोइ, न साथमा पढाइ छ न सीप, न घर छ न त सपना नै ।'

माओवादी लडाकुहरूको व्यवस्थापनका सम्बन्धमा विगतमा निकै लामो, सघन र गंभीर छलफल गरिएको थियो । हामीले बारम्बार माओवादी नेतृत्वसँग समायोजनमा जाने बाहेकका लडाकुहरूलाई दिगो पुनर्स्थापनाका निम्ति उत्प्रेरित गर्न आग्रह गर्‍यौं । यसमा माओवादी नेतृत्व संवेदनशील हुन सकेको भए एक दुई वर्षमै माओवादी पूर्व लडाकुमध्ये कोही हेल्थ असिस्टेन्ट त कोही स्टाफ नर्स, कोही ओभरसिएर त कोही कृषि प्राविधिक अनि कोही शिक्षक त कोही कनिष्ट

व्यवस्थापक बनेर निस्कन सक्थे । उनीहरूको भविष्य सुरक्षित हुन्थ्यो र आत्मनिर्भर बनेका उनीहरूले आफ्नो आस्था अनुसारको आन्दोलनलाई सघाउन सक्थे । हामीले एकमुष्ठ पैसा दिएर बिदा गर्नुका जोखिमका बारेमा बारम्बार आग्रह गरेका थियौं । तर स्वेच्छिक बिदाइमा जाने लडाकुहरूको पैसामा समेत आँखा लगाइरहेको नेतृत्वका निम्ति दिगो व्यवस्थापनका यी सुझाबहरू सुरुचिपूर्ण नहुनु स्वाभाविकै थियो । फलतः आज गंभीर चुनौती खडा भएको छ ।

हिजो 'अयोग्य लडाकु' का हकमा पनि माओवादीले यस्तै गल्ती गरेको थियो । अनमिनले उमेर नपुगेको या पछि भर्ना भएको भनेर लडाकु प्रमाणीकरण गर्न नमान्नासाथ उनीहरूलाई हार्दिकतापूर्वक बिदा गरेको भए उनीहरूले यतिबेलासम्म आफ्नो निजी, पारिवारिक र राजनीतिक जिन्दगीको व्यवस्थापन गरिसक्ने थिए । तर जिन्दगीका मूल्यवान तीन वर्ष उनीहरूलाई 'अनमिनले जे भने पनि सेना या प्रहरीमा भर्ना गराइछाड्छौं' भन्ने असंभव आश्वासन दिएर शिविरमा राखिराख्नुको परिणाम आज उनीहरू माओवादी नेतृत्व विरुद्ध खनिन थालेका छन् । स्वेच्छिक बिदाइमा जाने लडाकुहरूलाई पनि अहिलेको परिवर्तित सन्दर्भ, राजनीतिक सीमा र उनीहरूको नयाँ यात्राबारे प्रशिक्षित गर्दै र शान्ति प्रक्रिया पूरा गर्न सघाएकोमा धन्यवाद दिंदै हार्दिक बिदाइ गरेको भए सायद उनीहरूले मन बुझाउने ठाउँ पाउने थिए । तर ज्यान हत्केलामा राखेर लड्दा पाएको रकममा समेत कमाण्डरहरूमार्फत् धावा बोल्न थालिएपछि उनीहरूमा माओवादी नेतृत्वप्रति मोहभङ्ग तीव्र बन्दै गएको छ ।

बाह्र बुँदे समझदारी हुनु पूर्व त्यसको तयारीको सन्दर्भमा भएको एउटा महत्वपूर्ण वार्तामा डा. बाबुराम भट्टराईले आफ्ना कतिपय कमाण्डरहरूमा 'युद्ध सरदार प्रवृत्ति' देखा परेको भन्दै चिन्ता व्यक्त गरेका थिए । यो समस्या समाधानका लागि पनि पार्टी पङ्क्तिलाई शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धामा सामेल गर्न आवश्यक भएको उनको निष्कर्ष थियो । आज झण्डै साढे ६ वर्षपछि त्यस्तो प्रवृत्ति फेरि प्रकट भएको छ ।

समायोजन रोज्ने लडाकुहरूको भविष्य र भावनामाथि पनि यस्तै खेलबाड दोहोरियो भने भोलि अकल्पनीय समस्या निम्त्याउन सक्छन् । गलत ढङ्गले देखाइएका सपना र असंभव आश्वासन देखाएर जिन्दगीका मूल्यवान समय खेरा हालिदिँदा सपना पूरा हुन नसक्दाको असन्तुष्टि झनै विस्फोटक हुन सक्छ भन्ने तथ्यप्रति माओवादी किन गंभीर नभएको होला ? आफ्नो आन्दोलनको उपलब्धि राजनीतिक मूल्यमा नखोजेर र यति ठूलो उपलब्धिको श्रेय र स्वामित्व लिन छाडेर किन उनीहरू पैसा र दर्जामा यसलाई साट्न खोजिरहेका होलान् ?

स्वप्नभङ्ग भएर गाउँ फर्केका युवाहरू साँच्चै नै जोखिम हुनेछन् । यदि जिन्दगीको विश्वासिलो आधार तयार भएन भने हिंसामा अभ्यस्त युवाहरू फेरि सङ्गठित या असङ्गठित रूपमा त्यही बाटोमा फर्कदैनन् भनेर कसैले भन्न सक्दैन । त्यसैले उनीहरूको पीडामा खुच्चिङ्ग गरेर होइन, शान्तिपूर्ण जीवन यापनका लागि समाजमा फर्केकोमा स्वागत गर्दै, द्वन्द्वकालीन घाउ मेटाउन सहयोग गर्दै र राजनीतिबाट वितृष्णा उत्पन्न हुन नदिइकन उनीहरूको ऊर्जालाई समाज रूपान्तरणमा लगाउन सबैले सहयोगी भूमिका खेल्नुपर्छ । अब यो समस्या माओवादीको मात्रै रहेन । माओवादीका गैर जिम्मेवार नीति र व्यवहारका कारण सिर्जित यस समस्यालाई समाधान गर्न सिङ्गो समाज नै अगाडि सर्नु जरुरी छ । माओवादीले, अप्रमाणित लडाकु, स्वेच्छिक बिदाइ रोजेका पूर्व लडाकु र वाइसिएल बनाइएका लडाकुहरूको समस्याबाट शिक्षा लिंदै समायोजनमा रत्तिभर ढिलाइ गर्नु हुँदैन ।

माओवादी आन्दोलनले केही गलत नजिर बसाएर गएको छ- राजनीतिक या अन्य स्वार्थपूर्तिका लागि हिंसाको जथाभावी प्रयोग, धम्की, चन्दा असुली या ‘कब्जा’ द्वारा रातारात धनी हुने संस्कृति र जातिवाद/अतिवादको बढावा । यी समस्याहरू समाजको शान्तिपूर्ण र लोकतान्त्रिक रूपान्तरणका लागि निकै चुनौतीपूर्ण छन् ।

## माओवादी सेनाका लडाकूहरुको अद्यावधिक र पुनः वर्गीकरणको विवरण

<table>
<tr><th rowspan="2">शीविर</th><th rowspan="2">समायोजन संख्या</th><th rowspan="2">महिला</th><th rowspan="2">मर्नेहरु</th><th rowspan="2">अद्यावधिक गरिएको संख्या</th><th colspan="2">पुनरस्थापना रोज्ने</th></tr>
<tr><th>महिला</th><th>पुरुष</th></tr>
<tr><td>कैलाली</td><td>२१६</td><td rowspan="7">अनमिनले प्रमाणीकरण गरेको जम्मा महिला संख्या ३,८४६</td><td rowspan="7"></td><td rowspan="7">नोभेम्बर २०११ को वर्गीकरण अनुसार</td><td rowspan="7">३</td><td rowspan="7">३</td></tr>
<tr><td>सुर्खेत</td><td>५७२</td></tr>
<tr><td>रोल्पा</td><td>५२३</td></tr>
<tr><td>नवलपरिसी</td><td>४८</td></tr>
<tr><td>चितवन</td><td>६२५</td></tr>
<tr><td>सिन्धुली</td><td>३५९</td></tr>
<tr><td>इलाम</td><td>२४८</td></tr>
<tr><td>जम्मा</td><td>३,१२४</td><td>२१०</td><td>९४</td><td>१७०३०</td><td colspan="2">६</td></tr>
</table>

स्रोतः नेपाल सरकार, सेना समायोजन विशेष समिति

'मेरो जीवनभरि, मैले आफूलाई अफ्रिकी जनताको यो सङ्घर्षमा समर्पित गरेको छु। मैले गोराहरुको प्रभुत्वका विरुद्ध लडेको छु, र मैले कालाहरुको प्रभुत्वका विरुद्ध लडेको छु। मैले यस्तो लोकतान्त्रिक र स्वतन्त्र समाजको आदर्श साँचिराखेको छु, जहाँ सबै व्यक्तिहरू सद्भावका साथ र समान अवसरका साथ रहन सकुन्। यो एउटा यस्तो आदर्श हो जसका लागि मैले बाँच्ने र प्राप्त गर्ने आशा राख्छु। तर यदि आवश्यक पर्छ भने, यो आदर्शका लागि म मर्नका लागि पनि तयार छु।'

- नेल्सन मण्डेला



# कस्तो राष्ट्र, कस्तो नयाँ नेपाल

हामी कस्तो राष्ट्रको निर्माणको कुरा गरिरहेका छौं ? अहिले हामी बाँचिरहेको धरातल एक राष्ट्र बनिसकेको छ कि छैन ? छैन भने कस्ता अन्तरतत्वहरूको विकासले यसलाई हामीले खोजेको 'राष्ट्र'को तहमा पुऱ्याउँछ ? कसै-कसैले तर्क गरे जस्तै नेपाल एक राष्ट्र बनिनसकेको हुनाले र आजसम्मको हाम्रो इतिहास गलत मात्रै भएको हुनाले हामीले राष्ट्र निर्माणको यात्रा शून्यबाट सुरु गर्ने हो ? कि समाज विकासको ऐतिहासिक क्रममा हामीले निर्माण गरेका राष्ट्र निर्माणका केही आधारशीलामा टेकेर, इतिहासबाट विरासतमा प्राप्त गरेका आधारमा उभिएर राष्ट्र निर्माण गर्ने हो ?

लाखौं वर्षको प्राग् इतिहास बोकेको, शाक्य, विदेह र वागमती जस्ता सभ्यताद्वारा मानव समाजलाई शान्ति, तर्कशीलता, सद्भाव र भ्रातृत्वको सन्देश दिन सफल इतिहासका शृङ्खला पार गर्दै आएको नेपाली समाज कहिले खुम्चिँदै र कहिले

विस्तारित हुँदै, कहिले जय र कहिले पराजयका शृङ्खला पार गर्दै र कहिले गौरवशाली क्षण र कहिले कलङ्कित कालखण्ड नाघ्दै यहाँसम्म आइपुगेको हो । यहीँ उद्‌भव भएका र बाहिरबाट घुम्दै आएका आर्य, मङ्गोल, अष्ट्रिक र द्रबिड जस्ता मनुष्यका सबै जसो महाप्रजातिका मानव समुदायको सहअस्तित्वपूर्ण बसोबासले नेपाललाई बहुलतावादी, विविधतापूर्ण र इन्द्रेणीजस्तो बहुरङ्गी नमूना समाज बनाइदिएको छ । यसमा हामीले गर्व गर्नुपर्छ । खास गरी अङ्ग्रेज उपनिवेशवादीहरूबाट अस्तित्वको चुनौती भेलिरहेको र साठी टुक्रामा विभाजन र अन्त्यहीन युद्धले आजित जनतामा एउटा सबल,समुन्नत र एकताबद्ध राष्ट्रको आकाङ्क्षाको पृष्ठभूमिमा नेपालको एकीकरण भई नेपाल राष्ट्र निर्माणको आरम्भ भएको हो । एकीकरणका पछाडि सामन्ती राजाहरूको राज्य विस्तारको आकाङ्क्षा रहेको कुरालाई इन्कार गर्न सकिँदैन, न त संसारका अन्य सामन्ती राज्य निर्माणमा जस्तै यहाँ पनि ज्यादती भएको कुरालाई नै इन्कार गर्न सकिन्छ । तर पनि त्यो एकीकरण एउटा ऐतिहासिक आवश्यकता थियो, जसको जगमा नेपाल राष्ट्रको निर्माण भएको छ/हुँदैछ ।

निश्चय नै, राष्ट्र माटोको मात्रै नाम होइन । यो मूलतः मन हो- साभ्रा भाषा, साभ्रा संस्कृति, साभ्रा अर्थतन्त्र र साभ्रा मनोभावनाबाट बाँधिएको निश्चित भूभागमा बस्ने जनताहरूको मन । तर भूगोलको एकीकरणमा एकतर्फी जोड दिइँदा भावनाको एकीकरणमा समुचित ध्यान पुगेन । नेपाली समाजको इन्द्रेणी रङ्ग राज्यका संरचनामा प्रतिविम्वित हुन पाएन । अभ्र पछिल्ला समयमा निरङ्कुश शासकहरूले 'एक भाषा, एक भेष, एक संस्कृति र एक धर्म' को नाममा समाजको एकरूपीकरणको धृष्टता गरे । यो अधिनायकवादी अभियानले नेपाली समाजको सम्पदा र नेपाली चिनारीको रूपमा रहेका धेरै भाषा, संस्कृति, समुदाय र आस्थालाई विलोप गराउने या किनारामा धकेल्ने काम गऱ्यो । त्यसैले नै आज नेपाली समाजमा तीव्र आक्रोश छ- आधा धरती ओगटेका महिलामा पितृसत्ता र त्यसद्वारा सिर्जित विभेदप्रतिको आक्रोश, एक्काइसौं शताव्दीमा पनि छुवाछुतको कलङ्क भेल्न विवश दलित समुदायमा 'मनुवादी' प्रणालीप्रतिको आक्रोश, आदिवासी-जनजातिमा आफ्ना भाषिक/सांस्कृतिक/जातीय पहिचान मेटाइँदै गरेप्रतिको आक्रोश, मधेसमा

गोरो छाला, नेपाली भाषी र पहाडी संस्कृतिलाई मात्रै 'नेपाली' मान्ने खोटपूर्ण 'राष्ट्रवाद' प्रतिको आक्रोश, कर्णालीमा आफ्नो पीडाले काठमाडौंलाई छुँदै नछोएको कुराप्रतिको आक्रोश, युवाहरूमा सामन्ती मानसिकताका कारण गरिएको उपेक्षा र यत्ति लामो समय मुलुकको जिम्मा लिँदा पनि आफूहरूको भविष्य सुरक्षित गर्न नसक्ने पुरानो पुस्ताप्रतिको आक्रोश, विपन्न वर्गमा जुनसुकै राजनीतिक प्रणाली आए पनि सामाजिक-आर्थिक प्रश्नलाई बेवास्ता गरिएप्रतिको आक्रोश । आक्रोशका यिनै शृङ्खला नै राष्ट्र निर्माणका एजेण्डा हुन् र आधार पनि । यी हाम्रा चुनौती पनि हुन् र अवसर पनि ।

तर राष्ट्र निर्माणको अर्थ हाम्रो इतिहास सम्पूर्ण गलत थियो, त्यसैले शून्यबाट सुरु गरिनुपर्छ भन्ने होइन । त्यसरी नै राष्ट्र निर्माणको अर्थ नेपाल 'एक राष्ट्र' नै बनेको छैन त्यसैले प्रत्येक जातिलाई 'राष्ट्र' मानेर जातीयताको आधारमा राज्य निर्माण गरेपछि मात्रै 'बहुराष्ट्रिय राष्ट्र नेपाल' बन्छ र तिनीहरूलाई 'आत्मनिर्णयको अधिकार' दिएपछि मात्रै राष्ट्र निर्माणले पूर्णता पाउँछ भन्ने कुरा पनि सही होइन । इतिहासले हामीलाई विरासतमा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र बहुभौगोलिक मानवसमुदाय हस्तान्तरण गरेको छ । हामीलाई एउटा एकीकृत भूगोल दिएको छ; हामीलाई सात सालको परिवर्तनमार्फत् प्रजातान्त्रिक खुल्लापन, छयालीसको आन्दोलनमार्फत् बहुदलीयता, बहुलता र विधिको शासन जस्ता लोकतान्त्रिक मूल्यहरू र २०६२/६३ को ऐतिहासिक जनआन्दोलनमार्फत् गणतन्त्र, सङ्घीयता र सामाजिक न्यायसहितका नयाँ प्रणालीको आधार प्रदान गरेको छ । यसका अतिरिक्त हजारौं वर्षको विकासक्रममा हामीले आफ्नै केही मौलिक चिन्तन र विशेषतासहितको 'नेपालीपन' रेखाङ्कित गरेका छौं । यिनै जगमाथि उभिएर नै हामीले राष्ट्र निर्माण गर्ने हो ।

राष्ट्र निर्माणको अर्थ एकातिर इतिहासको निरन्तरता, अर्कोतिर इतिहासका त्रुटिको सुधार र त्यसले पारेका घाउको उपचार एवं सर्वोपरि रूपमा एउटा समृद्ध, सामाजिक न्यायसहितको र पूर्ण लोकतान्त्रिक भविष्यको प्रत्याभूति हुनुपर्छ। युवाहरूको सन्दर्भमा पहिचानको प्रश्न भन्दा पनि समृद्धि, अवसरको उपलब्धता, त्यसको वितरणमा

निष्पक्षता र प्रतिस्पर्धात्मक वातावरणको प्रत्याभूति बढी महत्वपूर्ण छ । उनीहरू चाहन्छन्- राष्ट्रले त्यस्तो वातावरण उपलब्ध गराओस्, जहाँ उनीहरूको क्षमता पूर्णरूपमा अभिव्यक्त हुन पाउँछ । उपयुक्त वातावरण पाए संसारका जस्तासुकै प्रतिस्पर्धामा खरो उत्रिन सकिन्छ भन्ने आत्मविश्वास भएका नेपाली युवाको निम्ति 'राष्ट्र' त्यस्तो वातावरणको प्रत्याभूति गर्ने संरचना हुनुपर्छ । दिनको झण्डै एक हजारको सङ्ख्यामा अध्यागमनमा लाम लाग्ने र अनिश्चित भविष्यको तुवाँलो आँखामा बोकेर खाडी, मलेसिया र भारत छिर्ने युवाहरूको सन्दर्भमा 'राष्ट्र निर्माण' कसरी सान्दर्भिक र अर्थपूर्ण बनाउन सकिन्छ भन्ने कुरालाई हामीले गंभीरतापूर्वक हेक्का राख्नैपर्छ ।

हाम्रो नेतृत्व असफल भएको छ।

यसो भएपनि, हाम्रो नेतृत्व,
समूहबाट र समूह भित्रबाटै
पुनर्निर्माण हुनसक्छ।

- रोजा लक्जेम्बर्ग



# नयाँ नेपालकालागि नयाँ नेतृत्व

हामी 'नयाँ नेपाल'को सपना देखिरहेका छौं । स्वभावतः 'नयाँ नेपाल'ले नयाँ नेतृत्वको खोजी गरिरहेको छ । त्यस्तो नेतृत्व क्षमता युवाहरूमा मात्रै छ । राजनीतिमा यतिबेला देखापरेका विकृतिका आधारमा राजनीतिलाई 'फोहरी खेल' ठान्नु हुन्न तपाईंले । राजनीति त, भुट्टोको शब्दमा 'कलामध्येको पनि सुन्दरतम कला' हो । आज यो पोखरी फोहर छ भने पनि बाहिर बसेर 'छ्याः फोहर पोखरी !' भनेर मात्रै पुग्दैन, पोखरीमा हाम फालेर मात्रै यसलाई सफा गर्न सकिन्छ । त्यसैले 'तपाईं मूर्खबाट शासित हुन चाहनु हुन्न भने राजनीतिमा सक्रिय हुनैपर्छ' भन्ने कुनै विद्वानको भनाइलाई यहाँनिर हेक्का राख्नैपर्छ ।

निश्चय नै, अघिल्लो पुस्ताका सीमा छन् । तर हामीहरू उनीहरूप्रति आभारी हुनैपर्छ, किनभने त्यही पुस्ताका वी.पी., पुष्पलाल र मनमोहनहरूले हामीलाई राणाशासनको अन्धकारबाट मुक्त गरे । हामी मदन भण्डारी र गणेशमान सिंहहरूप्रति अनुग्रहित

हुनैपर्छ, जसले हामीलाई पञ्चायती कालरात्रीबाट प्रजातन्त्रको उज्यालोतिर डोहोऱ्याए । आफैले ल्याएको प्रजातन्त्र जोगाउन नसक्ने ठूलो गल्ती गरे पनि गिरिजा र माधव नेपाल जस्ता नेताहरूले गणतन्त्र र संविधानसभासम्म डोहोऱ्याएर हामीलाई गुण लगाएका छन् । लोकतान्त्रिक प्रक्रियाको अग्निपरीक्षामा उत्तीर्ण भइनसकेको भए पनि पुष्पकमल दहाल, डा. बाबुराम भट्टराई लगायतको भूमिका पनि विचारणीय छ । तर त्यो पुस्ता आफ्ना परम्परागत मान्यता, क्षमता र उमेरका सीमाका कारण विस्तारै शिथिल बन्दैछ, उसका सीमा उद्घाटित हुन थालिसकेका छन् । त्यसैले पुरानो पुस्तालाई आलोचना गरेर होइन, त्यसका राम्रा कुरा पछ्याएर तथा त्यसका असफलताबाट पाठ सिकेर नै युवा पुस्ताले राष्ट्र निर्माणमा आफ्नो निर्णायक भूमिका प्रस्तुत गर्न सक्छ ।

**मूर्खबाट शासित नहुने हो भने**
**युवाहरु राजनीतिमा आउनैपर्छ । तर ....**

- पुराना नीति र व्यवहार कसरी फेर्ने ?
- महत्वपूर्ण अभियानमा युवाहरुलाई कसरी संलग्न गर्ने ?
- शिक्षा, स्वास्थ्य, रोजगारीमा युवाहरुको पहुँच कसरी स्थापित गर्ने ?
- खेलकुद र मनोरञ्जनका आकाङ्क्षा कसरी पूरा गर्ने ? विकृतिबाट मुक्त कसरी गर्ने ?
- अराजकतालाई शून्यतर्फ झार्दै युवाहरुमा अनुशासन, नैतिक बल र सामूहिकताको भावना कसरी प्रवाह गर्ने ?
- अन्वेषण–अनुसन्धानमा युवा पङ्क्तिलाई कसरी उत्प्रेरित गर्ने ?
- सुन्दर राष्ट्र, सुरक्षित भविष्य र अवसरको समानताप्रति आम युवाहरुलाई कसरी आश्वस्त तुल्याउने ?

'ऊ निश्चिन्त छ, असावधान छ। लगन लाग्यो भने रातभर जागै रहनु उसको बायाँ हातको खेल हो, जेठको धुप चैतको जुनेली रात जस्तै हो, साउन भदौको झरी मङ्गलोत्सवको पुष्पवृष्टि हो, मसानघाटको निस्तब्धता उसका लागि बगैँचाका पक्षीहरूको चिर्बिराहट हो। उसले इच्छा गऱ्यो भने समाज र जातिलाई उद्बोधन गरिदिन्छ, देशमा लाली छाइदिन्छ, राष्ट्रको मुहार उज्ज्वल पारिदिन्छ, ठूल्ठूला साम्राज्य ढालिदिन्छ। उत्पीडितहरूको उत्थान र राष्ट्रको उद्धार गर्ने सूत्र उसको हातमा छ।

– भगत सिंह



# सीमाहरू

आन्दोलन र राष्ट्र निर्माणमा युवा सहभागिताको कुरा गरिरहेको बेला हामी युवाहरूका सीमाहरू भने आँखा चिम्लिन सक्दैनौं । ती सीमाहरूको सही विश्लेषण गर्दै समाधानका वैज्ञानिक विधि अवलम्वन गरिएन भने युवाको क्षमताको प्रशंसाले मात्रै हामीलाई कहीं पनि पुऱ्याउँदैन ।

युवा आफैमा कुनै एकीकृत, ठोस वर्गाधारयुक्त र एउटै उत्पादन पद्धतिसँग जोडिएको सामाजिक समूह होइन । 'युवा' भित्र अभिजातवर्गीय देखि श्रमिकवर्गीय सम्म, पछ्यौटे ग्रामीण र निर्वाहमुखी अर्थतन्त्रसँग आबद्धदेखि लिएर अत्याधुनिक प्रविधियुक्त उत्पादनसँग जोडिएकोसम्म, 'औंठाछाप' देखि लिएर उच्च शिक्षा हासिल गरेको दक्ष व्यक्तिसम्म पर्छन् । त्यसैले उनीहरूका वर्गीय स्वार्थ, विश्व दृष्टिकोण, राजनीतिक दर्शन र प्राथमिकताहरू भिन्नभिन्न हुन सक्छन् । युवा आन्दोलनको कुरा गर्दा हामीले मूलतः कुन वर्ग लक्षित र कस्तो राजनीतिक मान्यतामाथि आधारित

युवा आन्दोलन भन्ने कुरामा स्पष्ट हुनु जरुरी हुन्छ। युवाका साझा अभियानभित्र वर्ग पक्षधरता कमजोर नहोस् भन्ने कुरामा ध्यान दिनु आवश्यक हुन्छ।

मनोविज्ञानको दृष्टिले युवा तुलनात्मक रूपमा अस्थिर र छिटो प्रभावित हुने समूह हो। कुनै पनि नयाँ मान्यता, विचार या प्रविधिले उनीहरूलाई तत्काल असर गरिहाल्छ। यसको सकारात्मक पक्ष पनि छ- युवाहरू त्यही भएर छिटै नयाँ विचारबाट प्रभावित हुन्छन्, परिवर्तनको आन्दोलनमा लाग्छन् र पुरानो संरचनाका विरुद्ध विद्रोहमा उत्रिन्छन्। विद्रोह युवाहरूको चारित्रिक विशेषता हो। तर सानो धक्का, सानो असफलता या सानो असन्तुष्टि पनि उनीहरूलाई निराश, विचलित र पलायनतिर धकेल्न पर्याप्त हुन्छ। युवाहरूको यो सीमा आन्दोलनका लागि चुनौतीको विषय बन्न सक्छ।

युवाका निम्ति 'करिअर' निर्माण महत्वपूर्ण विषय हो। करिअरको चिन्ता, सपनाको उडान, केही गरीछाड्ने महत्वाकाङ्क्षा र त्यसका लागि जस्तासुकै जोखिम मोल्ने आँट- युवाहरूको महत्वपूर्ण धरोहर हो, तर कहिलेकाहीँ यिनै विशेषताले युवालाई दुस्साहसी, आत्मकेन्द्रित, स्वार्थी र 'भल्नरेबल' बनाउन सक्छ।

युवा पहाडबाट तीव्र बेगमा झरिरहेको ठाडो खोलाजस्तै हो, जसमा गति छ, ऊर्जा छ, शीतलता छ र जीवनदायिनी शक्ति छ। तपाईंले सही ढङ्गले बाँध बाँध्नुभयो, नहरमा सोझ्याउनुभयो, पेनस्ट्रक पाइपमा हुल्नुभयो र टर्बाइनसँग जोड्नुभयो भने त्यसले तपाईंलाई अनन्त ऊर्जा दिन्छ। कुलोमा डोहोर्‍याउन सक्नुभयो भने बञ्जर धरतीलाई हराभरा र उर्बर बनाइदिन्छ। त्यसो गर्न सक्नुभएन भने त्यो बेग तपाईंको धरती र बस्तीका लागि विनाशकारी पनि बन्न सक्छ, सबै बगाइदिएर नाङ्गो या सबै डुबाइदिएर उजाड बगर पनि बनाइदिन सक्छ।

विश्वव्यापीकरणका प्रभाव र पश्चिमा सांस्कृतिक मूल्यको असर जस्ता कारणले युवामा रातारात धनी बन्ने, सबै उपभोग्य चिज र सेवा 'इन्ज्वाय' गर्ने र त्यसैलाई स्वतन्त्रताको रूपमा बुझ्ने प्रवृत्ति हुर्किंदै गएको छ। एकातिर उपभोक्तावादको यस्तो

चर्को विस्तार, अर्कोतिर उद्यमशील मनोविज्ञानको अभाव र अवसरमा पहुँच नहुने स्थितिले नेपाली युवाहरूमा बेग्लै तर जटिल मनोविज्ञानको विकास हुन लागेको छ । ऊ चाहन्छ-बजारमा प्राप्त उपभोग्य वस्तु र सेवा प्रयोग गर्दै 'पूर्ण स्वतन्त्रता' उपयोग गरुँ- तर उसका अगाडिका बाटाहरू बन्द छन् । हतास अवस्थामा पुगेको उसका सामु खालि दुइवटा विकल्प बाँकी छन्- कि त रातारात पैसा कमाउने सपना बोकेर विदेश हुइँकिनु, कि यहाँ सम्पत्ति आर्जनको छोटो बाटो पक्डिनु । पछिल्लो समयमा राजनीतिमा भित्रिएका 'चन्दा असुली' 'फिरौती', 'सम्पत्ति कब्जा', 'आर्थिक सजाय' जस्ता विषयहरू हताश युवाको तीर्खा मेटाउने सजिलो माध्यम बनेका छन् । श्रम गरेर, उद्योगहरूको विकास गरेर, समग्र अर्थतन्त्रलाई रूपान्तरण गरेर होइन, 'धनी', 'सामन्त' 'शोषक' को सम्पत्ति कब्जा गरेर, त्यसलाई पुनर्वितरण गरेर गरिबी र अभाव समाप्त पार्न सकिन्छ भन्ने राजनीतिक भ्रान्तिले समाजमा एउटा 'लम्पट सर्वहारा' वर्गको जन्म गराइदिएको छ, जो श्रममा होइन, लुट्नुमा गौरव ठान्छ । टेण्डर खोलिएका ठाउँमा ठेकेदारहरूको खेतालाको रूपमा युवाहरूको उपस्थिति र ठूला दल सम्बद्ध युवाहरूको मुठभेडमा संलग्नताले नेपाली समाजको अधःपतनको डरलाग्दो तस्बिरलाई प्रकट गरिरहेको छ ।

त्यसैले युवा आन्दोलनको कुरा गरिरहँदा त्यसलाई सही वैचारिक दिशा दिने, सही वर्ग धरातलमा उभ्याउने, सही ढङ्गले सांस्कृतिक रूपान्तरण गर्ने र उनीहरूभित्रको ऊर्जाको अधिकतम सदुपयोग गर्ने कुरा महत्वपूर्ण हो । उमेरमा युवापन महत्वपूर्ण हो, तर त्यो अधिक महत्वपूर्ण त्यो युवापनलाई सिर्जनात्मकता, वैचारिक स्पष्टता र सामूहिक शक्तिका साथ आन्दोलन र राष्ट्र निर्माणमा लगाउने कुरा हो ।

त्यही भएर होला, कुनै बेला मदन भण्डारीले भनेका थिए- 'युवाहरूले क्रान्तिकारी कार्यदिशालाई अनुशरण गर्ने हो भने, जनवादी आन्दोलनको भूमिकालाई सफलतापूर्वक पूरा गर्ने हो भने, खालि क्रान्तिकारी राजनीतिद्वारा सचेत भएर मात्र पुग्दैन । दूरवर्ती गाउँका गाउँले क्षेत्रमा छरिएका व्यापक जनसमुदायलाई जागृत र सङ्गठित गर्न गाउँले क्षेत्रहरूमा पनि जानु पर्दछ । आफूलाई क्रान्तिकारी रूपान्तरण गर्नुपर्दछ । र क्रान्तिका सङ्गठकहरूको रूपमा अगाडि बढ्नु पर्दछ ।'

पुष्पलालले आह्वान गरेका थिए- 'नेपालको पहिलो राष्ट्रिय सङ्घर्षमा तपाईंहरूले गौरवशाली भूमिका खेल्नुभएको छ र प्रशस्त रगत बगाउनु भएको छ । युवा गङ्गालालको अमर प्राणोत्सर्गले तपाईंहरू धेरै जनालाई नयाँ सङ्ग्राम र नयाँ बलिदानको निम्ति अभिप्रेरित गरेको छ । ..दैनिक परिपक्व सङ्ग्रामहरूद्वारा उक्त परम्परालाई अरु उचाइमा उठाउने समय आएको छ ।'



नेकपा (एमाले) को आठौं राष्ट्रिय महाधिवेशनको अवसरमा बुटवलमा स्थापित गणतन्त्र स्तम्भ

हाम्रा युवाहरु 'सिस्टम'लाई असफल पारिरहेका छैनन्, 'सिस्टम'ले हाम्रा युवाहरुलाई असफल पारिरहेको छ। विडम्बना, सबैभन्दा नराम्रोसँग व्यवहार गरिएका तिनै युवाहरु, हामीलाई यो डरलाग्दो सपनाबाट बाहिर लैजान नेतृत्व गर्ने युवा हुने छन्।

- राकेल ज्याक्सन



# बदलिंदो श्रम र नयाँ श्रमिकहरू

हामीले चर्चा गरेका समस्याहरू युवाका आम समस्या हुन् । स्वाभाविक रूपमा, यी समस्या युवा श्रमिकका पनि हुन्, किनभने आम रूपमा युवा भनेका या त श्रमिक हुन् या श्रमका अवसरको खोजी गरिरहेका, श्रम बजारमा पुग्न पङ्क्तिबद्ध व्यक्तिहरू । तैपनि, हामीले युवा, श्रम र श्रमिकका विशिष्ट समस्याहरूको बारेमा थप छलफल चलाउनु सान्दर्भिक हुनेछ ।

कार्ल मार्क्सले आजभन्दा १६४ वर्ष अगाडि 'गुमाउनका लागि नेल र हत्कडीबाहेक केही नभएको तर जित्नका लागि सारा संसार अगाडि रहेको' वर्गको रूपमा श्रमजीवी वर्गको परिभाषा गरेका थिए र संसारभरिका तिनै श्रमजीवीहरूलाई एक हुन आह्वान गरेका थिए । म्यानुफ्याक्चरिङ उद्योगहरू एक ठाउँमा केन्द्रित थिए, हजारौं श्रमिकहरू एउटै कार्यथलोमा काम गर्थे, अतिरिक्त मूल्य उत्पादन गर्थे र उनीहरूमाथिको शोषण सरल, प्रत्यक्ष र प्रस्ट थियो । तात्कालीन सन्दर्भमा

'प्रोलातारियत' भनिने सर्वहारा या मजदुर वर्गको परिभाषा एकदमै उपयुक्त थियो । पुँजीको विश्वव्यापीकरण भइसकेको थिएन र श्रम यति विविधीकृत, आधुनिक प्रविधियुक्त र जटिल भइसकेको थिएन ।

तर गएको डेढ शताब्दी यता संसार काफी बदलिएको छ र यसले श्रमसम्बन्ध, श्रम बजार, अतिरिक्त मूल्यको शोषण तथा श्रमिक आन्दोलनमा पनि अकल्पनीय परिवर्तनहरू आएका छन् । कार्यथलोमा हुने श्रमिकहरूको प्रत्यक्ष शोषण र अतिरिक्त मूल्यको दोहनको ठाउँ आज छरिएको कार्यस्थान, विशेषीकृत श्रम, उपभोक्तामाथि शोषण र प्रविधिमाथिको नियन्त्रणले लिन थालेको छ । 'आउट सोर्सिङ' श्रमको एउटा विशिष्ट ढाँचा बन्न पुगेको छ, मानवीय श्रमको मात्रा एकदमै घट्दै गएर कतिपय ठाउँमा मानवविहीन कारखानाले लिन थालेका छन् । पुँजी, जमिन या उत्पादनका अन्य साधनमाथिको नियन्त्रणभन्दा पनि ज्ञान र प्रविधिमाथिको नियन्त्रण बढी महत्वपूर्ण बन्न थालेको छ पुँजी सञ्चयनका लागि । माइक्रोसफ्टका बिल गेट्स कुनै उद्योगपति या ब्याङ्कर थिएनन्, तर विश्व पुँजी बजारमा उनी दशकौंसम्म सर्वाधिक धनी व्यक्तिको आसनमा रहे र हामीले हरेक पल्ट कम्प्युटर खोल्दै उनलाई अप्रत्यक्ष मूल्य चुकाइरह्यौं । जे.के. रोलिङ कुनै व्यापारी थिइनन्, तर उनले लेखेको स्वैरकल्पनायुक्त किताब 'ह्यारी पोटर' शृङ्खलाले उनलाई संसारको पाँचौं धनी बनाइदियो । थाहा छैन, हाम्रो 'मधुमालतीको कथा' जस्ता ती काल्पनिक कथाका किताब किन्न कति बालकहरूका बाआमाले आफ्नो कमाइको एउटा अंश गास काटेर ती बेलायती लेखिकाको खल्तीमा पठाइदिए ।

भन्नुको तात्पर्य- शोषणका रूप बदलिएका छन् । अब धेरै सेना हुने, धेरै उपनिवेश हुने या धेरै कार्खाना या ब्याङ्कको मालिक भएका व्यक्ति सम्पन्न ठानिँदैनन्, प्रविधि, ज्ञान र व्यवस्थापनमा नियन्त्रण गर्न सक्ने धनी ठहरिन्छन् । एउटा देशको कुनै व्यक्ति या कम्पनी भन्दा पनि बहुराष्ट्रिय निगमको प्रभुत्व बढी सघन बन्न थालेको छ । श्रम एउटै कार्यथलोमा केन्द्रित छैन । एप्पल कम्पनीले आफ्ना 'डिभाइस'हरू अमेरिकाको क्यालिफोर्नियामा बनाउँदैन, चीनमा उत्पादन गर्छ । सामसुङले सबै मोबाइल या टेलिभिजन सेट या माइक्रोचिप्सहरू कोरियामा उत्पादन गर्दैन,

इन्डोनेसिया र मलेसियामा समेत गर्छ । अमेरिकाको कुनै डाक्टरको प्रेस्क्रिप्सन बैङ्गलोर या गुडगाँवमा बसेर कुनै भारतीय युवाले लेखिदिन्छ । यसले गर्दा 'एउटा सियो बनाउन पनि हजार जना श्रमिकको हात संलग्न हुने हुनाले मजदुर वर्ग सबैभन्दा सङ्गठित वर्ग हो' भन्ने परम्परागत भनाइलाई पनि पुनर्परिभाषित गर्नुपर्ने अवस्था सिर्जना भएको छ र श्रममा अस्वस्थ प्रतिस्पर्धाले श्रमिकहरूको एकतालाई कमजोर पार्न थालेको छ ।

तर यसको अर्थ श्रमको शोषण समाप्त भयो भन्ने किमार्थ होइन । शोषण अझ सघन, अझ क्रूर र अझ जटिल हुँदै गएको छ । जम्माजम्मी कुरा यत्ति हो- शोषणका रूप बदलिएका छन् र त्यसको प्रतिरोध गर्ने हाम्रो तरिकामा पनि नयाँ बदलाव अनिवार्य भएको छ । अन्यथा, परम्परागत नाराले मात्रै हाम्रो आन्दोलनलाई अगुवाइ गर्न सक्दैनन्, जसरी 'जमीन कसको जोत्नेको' भन्ने नाराले मात्रै आजको कृषि क्रान्तिलाई नेतृत्व दिन सक्दैन ।

शारीरिक श्रमलाई मात्रै श्रमको परिभाषाभित्र राख्ने मान्यता परिवर्तित भएको छ र अब शारीरिक र बौद्धिक दुबै खाले श्रम यसको परिभाषाभित्र पर्छन्, श्रमिकहरूको दायरामा 'निलो पोशाक' लाउने र 'सेतो पोशाक' लगाउने दुबै पर्छन् । सङ्गठित क्षेत्रमा मात्रै होइन, असङ्गठित क्षेत्र र अनौपचारिक कार्यथलोमा काम गर्नेहरू सबै श्रमिक हुन्, जसको जीविकोपार्जनको एकमात्र स्रोत श्रमबाट आर्जित आम्दानी हो । अबको श्रमजीवी वर्गीय आन्दोलनले ती सबैलाई समेट्नुपर्छ ।

मैले घरमा पनि भन्ने गऱ्या छु- बुढापाका मान्छेले त गैरजिम्मेवार भए पनि हुन्छ, किनकि उनीहरूको भविष्य छैन। तर नवयुवकहरूको भविष्य छ। त्यसो हुनाले उनीहरू गैरजिम्मेवार हुन सक्दैनन्। म त अब धेरै दुःख झेल्न सक्दिन, त्यसैले म जे चाहन्छु, त्यही गर्छु पनि म भन्न सक्छु। तर ती युवकहरू, जसले शैक्षिक योग्यता हासिल गरिसकेका छन्, तिनले त्यसो भन्न पाउँदैनन्। तिनले जवाफदेही बहन गर्नैपर्छ। सामाजिक जीवनमा होस् वा पारिवारिक जीवनमा वा राजनीतिक जीवनमा जहाँसुकै र जुनसुकै जीवनमा पनि पूर्ण जवाफदेही साथ आदर्श र सिद्धान्तप्रति प्रतिबद्ध हुनैपर्छ।

- बीपी कोइराला



# श्रमिक आन्दोलनमा युवा श्रमिकहरू

छ दशकभन्दा लामो यात्रा पार गरिसकेको नेपालको श्रमिक आन्दोलनले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । खास गरी श्रमजीवी पक्षीय कानुनहरूको निर्माण हुनु, श्रमिकका सरोकारहरू राष्ट्रिय एजेण्डा बन्नु र श्रम सम्बन्ध र अर्थतन्त्रमा श्रमिकहरूलाई एउटा अनिवार्य पक्षको रूपमा स्वीकार गरिनु यसबीचको महत्वपूर्ण प्राप्ति हो । तर पनि यो क्षेत्र समस्यामुक्त छैन । खास गरी, सशस्त्र द्वन्द्व, राजनीतिक अस्थिरता, भ्रष्टाचार र कमजोर राज्यसंयन्त्र, लगानीकर्ताहरूमा उद्यमी चरित्रको अभाव र नयाँ रूपको हिंसाको विस्तारले गर्दा श्रम क्षेत्र सर्वाधिक जोखिममा छ । भएका रोजगारी गुम्दैछन्, प्राप्त रोजगारी पनि सम्मानजनक र न्यूनतम मानवीय सुविधायुक्त छैनन् । असङ्गठित क्षेत्रको समस्या विकराल छ । कृषि क्षेत्रका श्रमिकहरूको अवस्था झनै दयनीय छ । आज नेपाली युवा श्रमिकहरूको निकै ठूलो हिस्सा विदेशमा जोखिमयुक्त श्रम गरिरहेको छ र हामीले उनीहरूलाई हाम्रो आन्दोलनमा आबद्ध गर्न सकिरहेका छैनौं । जोखिमयुक्त बालश्रमको समस्या, महिला

श्रमिकका समस्या चुनौतीपूर्ण छन् । सामाजिक सुरक्षाको भरपर्दो संयन्त्र विकास गर्न नसक्दा श्रमिकको जिन्दगी कर्कलाको पातमाथिको पानी जस्तै पूर्वानुमान गर्न नसकिने गरी अप्ठ्यारोमा छ ।

विश्वव्यापीकरणले एकातिर पुँजीको सर्वत्र उपस्थिति र श्रमको शोषणलाई सर्वव्यापी बनाएर हाम्रा अगाडि नयाँ चुनौती खडा गरिदिएको छ भने अर्कातिर यसले नयाँ अवसर पनि उपलब्ध गराएको छ । शोषण मात्रै विश्वव्यापी भएको छैन, आन्दोलन पनि विश्वव्यापी भएको छ । अनि, अन्तर्राष्ट्रिय एकाधिकार पुँजीवादले मात्रै विश्वव्यापी नेटवर्क बनाएको छैन, श्रमजीवी वर्गको आन्दोलनको पनि विश्वव्यापी विस्तार भएको छ । शोषणसँगै यसको प्रतिरोधका पनि विश्वव्यापी आयामहरू उद्घाटित भएका छन् । आन्दोलनका हिंसात्मक रूपहरू असान्दर्भिक बन्दै गएका छन् र आम जनतालाई सङ्गठित गर्दै अगाडि बढ्न सके शान्तिपूर्ण बाटोबाट पनि समाजको रूपान्तरणको नयाँ संभावना प्रकट भएका छन्, प्रमाणित हुँदै गएका छन् । लोकतान्त्रिक विधि, शान्तिपूर्ण बाटो र आम जनताको सहभागितामाथि आधारित आन्दोलनको सामर्थ्यलाई स्वीकार गर्न अन्तर्राष्ट्रिय पुँजीवाद समेत बाध्य हुँदैछ । सोभियतसङ्घको विघटनताका फ्रान्सिस फुकुयामा जस्ता पुँजीवादी थिङ्क ट्याङ्कहरू 'इतिहासको अन्त्य' र 'विचारको मृत्यु' को उद्घोष गर्दै थिए, समाजवाद सकिएको खुसियाली मनाउँदै थिए र राजनीतिमा नवउदारवाद र अर्थतन्त्रमा खुल्ला बजार नीतिलाई अन्तिम सत्य घोषणा गर्दै थिए । तर उनको घोषणाको दुई दशक बित्दानबित्दै आज नवउदारवाद र खुल्ला बजार अर्थतन्त्र भयानक सङ्कटबाट गुज्रिन थालेका छन् सन् २००८ मा अमेरिकाबाट सुरु भएको आर्थिक मन्दीले आज युरोपलाई आच्छुआच्छु पार्न थालेको छ र 'वाल स्ट्रिट कब्जा' आन्दोलनले पुँजीवादी शासकहरूको होस उतार्न थालेको छ । नवउदारवाद समस्याको समाधान होइन भन्ने पुष्टि हुँदैजाँदा फेरि एकपटक विश्व मानवसमुदायमा समाजवादको भविष्यलाई लिएर नयाँ आशाको सञ्चार हुन थालेको छ । समाजवादको विश्वव्यापी विजय निकट भविष्यमै संभव छ भन्ने होइन, सायद पुँजीवादले अझ लामैसमय आफ्नो सङ्कटको अस्थायी समाधान खोज्दै अगाडि बढ्न सक्नेछ । तर समाजवाद नै मानव जातिको भविष्य हो भन्ने कुरा फेरि जबर्जस्त ढङ्गले पुष्टि हुँदै गएको छ ।

निश्चय नै, हामीले समाजवादको नयाँ भाष्यको खोजी गर्दै नयाँ बाटोको सिर्जनात्मक विकास गर्नुपर्नेछ ।

हाम्रो श्रमिक आन्दोलनले यी सबै मुद्दालाई समेट्दै अगाडि बढ्नुपर्छ । युवा श्रमिकहरू, जो आधुनिक सीप र प्रविधिसँग परिचित छन्, जसले ज्ञानमा पहुँच राख्छन्, जो आजको विश्व श्रमिक आन्दोलनका अवसर र चुनौतीलाई चिन्न सक्षम छन्, उनीहरूले आजको यो आन्दोलनलाई नयाँ उचाइमा उठाउन गंभीर ध्यान दिनुपर्छ ।

**युवा श्रम आन्दोलन के का लागि ?**


**मर्यादित कामका लागि !!**

- यस्तो आम्दानी, जसले हरेक श्रमिकलाई असल जीवन जीउन पुगोस्;
- यस्तो काम, जहाँ भेदभाव नहोस्, हरेक श्रमिकले आफ्नो वृत्ति विकासको लागि समान अवसर पाओस्;
- यस्तो कार्यथलो, जुन उपयुक्त र सुरक्षित होस्;
- यस्तो वातावरण, जहाँ यूनियन गठन गर्न पाइयोस्, काम सम्बन्धी विषयमा श्रमिकले आफ्नो भनाइ निर्धक्क रुपमा राख्न पाओस्;
- यस्तो राज्य, जसले बिरामी, कमजोर, पाका उमेरका श्रमिक र विपतमा परेका महिलालाई सहायता पुऱ्याउने सामाजिक सुरक्षाको संयन्त्र निर्माण गरेको होस्।

जे कुरा तपाईं बुझ्नुहुन्न, त्यसको
आलोचना पनि नगर्नुहोस् !

तपाईंका छोरा-छोरी तपाईंको
नियन्त्रणभन्दा बाहिर छन्।

– बब डायलन



# युवापन र युवा मनोविज्ञान

केही समय अगाडि एकजना पूर्व प्रशासकले नेपालमा उद्योगधन्धा बन्द हुँदै जानुमा, रोजगारीका अवसर गुम्दै जानुमा र अर्थतन्त्र ओह्रालो लाग्दै जानुमा 'आइफोन ढल्काउँदै हिंड्ने ट्रेड युनियन नेतृत्व' लाई दोषी ठहऱ्याउँदै एउटा लेख प्रकाशन गरे । निश्चय नै, राजनीतिमा जस्तै ट्रेड युनियन आन्दोलनमा पनि त्यसमार्फत् निजी या गुटगत स्वार्थ पूर्ति गर्ने पङ्क्ति पैदा हुन थालेको छ । यसले माथि मजदुरका नाममा केही 'कुलीन नोकरशाहहरू' पनि जन्मिँदै छन् भने तल 'लम्पट सर्वहारा' को विशाल हुल । जसले श्रम गर्दैन, आफ्नो सीप र क्षमता अभिवृद्धि गर्दैन । बस्, सुकुम्बासीका नाममा सार्वजनिक जग्गा हडप्नु, राजनीतिक पीडितका नाममा राज्यबाट आर्थिक सहायता असुल्नु, आन्दोलनकारीका नाममा ढुङ्गा हान्नु र ट्रेड युनियनका नाममा व्यवस्थापनलाई धम्क्याउँदै निजी लाभ उठाउनु यसको चारित्रिक विशेषता बन्न पुगेको छ । श्रमिक आन्दोलनभित्रका यस्ता प्रवृत्तिहरूको आलोचना जायज छ ।

तर श्रमिकहरू या तिनका नेताले आधुनिक प्रविधि प्रयोग गर्नु हुँदैन, उनीहरू झुत्रेझाम्रे पोशाकमा, खालि खुट्टा हिंड्नुपर्छ र कठोर शारीरिक श्रममा मात्रै जोतिनुपर्छ भन्ने मानसिकता चाहिँ पुरातनपन्थी चिन्तन हो । यसले विज्ञान, प्रविधि र ज्ञान त मुठ्ठीभर 'टाठाबाठा' हरूमा मात्रै सीमित रहनुपर्छ र अरुहरू त त्यसलाई टुलुटुलु हेर्ने रमिते मात्रै हुन् भन्ने सङ्कीर्ण मान्यता बोक्छ । यस्तो चिन्तन गलत छ । विज्ञान र प्रविधिको पछिल्ला आविष्कारमा दक्षता हासिल गरेर मात्रै, तिनको सही प्रयोग र सदुपयोग गरेरमात्रै आजको श्रमिक आन्दोलनले प्रतिस्पर्धामा आफ्नो श्रेष्ठता स्थापित गर्न सक्छ । हाम्रो आन्दोलन गरिबीको पुनर्वितरणका लागि होइन, हाम्रो समाजवाद गरिबीमा सबै समान हुने दरिद्र समाजवाद होइन । हाम्रो आन्दोलन समृद्धिका लागि हो र समृद्धि हासिल गर्ने सही बाटो अवलम्वन गरेर मात्रै हाम्रो आन्दोलन सफल हुन सक्छ ।

समय बदलिँदै छ । मूल्य मान्यताहरू पनि बदलिँदै छन् । जीवनलाई हेर्ने दृष्टिकोण, जीवन मूल्य, जीवनशैली र पारिवारिक तथा सामाजिक सम्बन्धका परम्परागत आधारहरू परिवर्तन हुँदैछन् । विश्वव्यापीकरणका सकारात्मक/नकारात्मक असरबाट हाम्रो समाज पनि प्रभावित हुँदैछ । यसको सर्वाधिक प्रभाव परिरहेको छ युवाहरूमा । विवाह, यौन, सम्बन्ध, करिअर, शिक्षा, रोजगारी, चाडबाड, उत्सव, बसाइसराइ, पहिचान आदि यावत् प्रश्नहरूमा पुराना मान्यताहरू डोलायमान बनिरहेका छन् । हिजो जस्तो अभिभावकको कठोर नियन्त्रण र योजनामा आजका युवाहरू बस्दैनन्, उनीहरूले जुराइदिएको सम्बन्धलाई सहजै स्वीकार्दैनन्, परम्पराको लक्ष्मणरेखाभित्र सीमित हुँदैनन्, जातपात र पहिचानको दायरामा खुम्चिन चाहँदैनन् । यहाँसम्म कि राष्ट्र पनि उनीहरूलाई आफ्ना असीमित आकाङ्क्षाको सापेक्षतामा साँघुरो लाग्छ । नयाँ सबै विषय सही र उचित नै छन् भन्ने होइन, यसभित्र गंभीर विकृति पनि छन् । तर तपाईंले युवालाई राष्ट्र निर्माणमा प्रेरित गरिरहँदा युवा मनोविज्ञान र उनीहरूभित्र तीव्र रूपमा विघटित र सङ्घटित भइरहेका नयाँपनलाई देख्न र सम्मान गर्न सक्नुभएन भने उनीहरूलाई साथ लिन सक्नु हुने छैन । सहभागी बनाउन सक्नु हुनै छैन ।



क्रान्ति स्याउ हैन, पाकेपछि झर्ने।
तपाईंले यसलाई त आफैले झार्नुपर्छ।
... क्रान्तिमा कि जितिन्छ, कि मरिन्छ
...यो पृथ्वीभरिका धनीहरुको सम्पूर्ण
सम्पत्तिभन्दा एक जना मानिसको जीवन
लाखौं गुणा मूल्यवान् छ।
...आउनोस् व्यावहारिक बनौं, असंभव
कुराको माग गरौं !
हाम्रा युवाहरु, यो विश्वमा के भइरहेको
छ भन्ने बहस र विचार आदान प्रदानमा
सधै स्वतन्त्र रहनुपर्छ।

– चे ग्वे भारा

# राष्ट्र निर्माणमा युवा सहभागिता

### केही नीतिगत प्रश्नहरू

राष्ट्र निर्माणमा युवाहरूको भूमिकाको पूर्व शर्त राजनीतिमा युवा सहभागिताको सुनिश्चितता नै हो । राजनीति राष्ट्र निर्माणको निर्देशक नीति हो र राजनीति सही या गलत हुनुले धेरै कुरा निर्धारित गर्छ । नीति निर्माणमा युवाहरूको अर्थपूर्ण सहभागिता भएन भने युवा केन्द्रित नीति बन्न सक्दैन र त्यस्तो नीतिको अभावमा उनीहरूको सार्थक भूमिका प्रत्याभूति गर्न सकिँदैन । राजनीतिमा युवा सहभागिता अभिवृद्धि गर्न र राष्ट्र निर्माणमा युवा क्षमतालाई पूर्ण रूपले दोहन गर्न लिनुपर्ने कुरालाई नीति निर्माणको उच्च प्राथमिकतामा राख्नुपर्छ ।

### युवा शक्तिको अधिकतम विकास गर्ने नीतिगत संरचना निर्माण

युवाको सर्वाङ्गिण विकासमा लगानी अभिवृद्धि गर्दै राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्न, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको पूर्ण

उपयोगको वातावरण सिर्जना गर्ने तथा युवा परिचालन र सहभागिताका लागि परिवार तथा समाजसँग मिलेर काम गर्न राज्यले उपयुक्त नीति तथा संरचनाको व्यवस्था गर्नुपर्छ । युवालाई सिर्जनशील, सीपयुक्त, उद्यमी र जिम्मेवार नागरिकका रूपमा विकास गरी राष्ट्रिय स्वाधीनताको रक्षा, न्याय र शान्ति स्थापनाका लागि युवा शक्तिको परिचालन गर्ने, अवसर र रोजगारीमा समान पहुँच सुनिश्चित गर्ने, खेलकुदको विकास र विस्तार गर्ने, राष्ट्रिय विकासमा युवाका ज्ञान, सीप र क्षमताको उपयोग गर्ने तथा वैज्ञानिक अन्वेषण र अनुसन्धानमा युवालाई प्रोत्साहन र प्रवर्धन समेतको समुचित व्यवस्था गरिनुपर्छ । यसका लागि नयाँ संविधानमा ठोस व्यवस्था गरिनु आवश्यक छ ।

**राजनीतिक संरचनामा युवापुस्ताको अधिकतम प्रविष्टि**

राष्ट्र निर्माणमा युवाको भूमिकालाई प्रभावकारी बनाउन उनीहरूलाई राजनीतिमा सक्रिय सहभागी बनाउनु आवश्यक छ । दुर्भाग्यवस, राजनीतिमा युवा सहभागिता कमजोर बन्दै गएको छ । एकातिर राजनीतिमा मूल्यहरूको गिरावट, आदर्शमा ह्रास र 'रोल मोडलहरू' को अभावले राजनीति फोहरी खेल हो भन्ने भ्रम धेरै युवाहरूलाई पर्न थालेको छ। सत्ता र सुविधा प्राप्त गर्न सक्ने मात्रै राजनीतिमा टिक्न सक्ने तर सामाजिक रूपान्तरणको आदर्श बोकेर राजनीतिमा सक्रिय युवाहरू भने राजनीतिमा भित्रिएका विकृतिका कारण त्यसप्रति वितृष्णा बोकेर अलगिने चुनौती राजनीतिमा देखा परेको छ । केही समय पहिले 'हिमाल' ले गरेको सर्वेक्षणले ८५ प्रतिशत भन्दा बढी युवा/विद्यार्थीहरूले राजनीतिलाई होइन, 'करिअर' विकासलाई लक्ष्य बनाएको देखाएको थियो । राजनीतिप्रति युवाहरूको यो निरपेक्षता निकै गंभीर विषय हो ॥

**युवा नेतृत्वको विकास**

तर अमूर्त रूपमा राजनीतिमा सक्रिय होऊ भनेर मात्रै पुग्दैन । हाम्रा राजनीतिक संस्थाहरूको संरचना युवा सहभागिताका निम्ति पर्याप्त अनुकूल छैनन् । माथि भनिए झैं, सामन्ती संस्कृतिको चारित्रिक विशेषताको रूपमा रहेको 'हाइरार्कियल' सोचका प्रभाव हाम्रा पार्टीहरूमा, हाम्रा नेतृत्वमा पनि छन्, जसले पुरानोलाई मात्र

'सर्वगुण सम्पन्न', 'परीक्षित' र 'दूरदर्शी' ठान्छ। युवाहरूको तर्कशीलता उनीहरूलाई 'अराजकता' लाग्छ, अन्वेषणशीलता 'विद्रोह' लाग्छ, परम्पराबाट विच्छेदको चाहना 'उत्ताउलोपन' लाग्छ र सर्वोपरि रूपमा युवाहरू उनीहरूका आँखामा 'जोस भएका तर होस नभएका' अविश्वसनीय 'केटाकेटी' हुन्। पार्टीहरूमा नेतृत्व हस्तान्तरणको विधिवत् प्रावधान छैन । पद छाड्यो कि प्रभाव गुम्छ भन्ने मानसिकता जब्बर छ । यस कारण पुरानो पुस्ता सहजै नेतृत्व छाड्न र जिम्मेवारी हस्तान्तरण गर्न तयार छैन। पार्टीहरूको लोकतान्त्रीकरण तथा उनीहरूभित्र आन्तरिक प्रतिस्पर्धाको प्रत्याभूति मात्रै त्यो विधि हो, जसबाट युवालाई नीति निर्माणको तहमा उपस्थित गराउन सकिन्छ। युवाहरूले पनि नेताहरूको दौराको फेर समातेर या उनीहरूको आशिर्वादबाट माथि पुग्ने होइन, आफ्ना एजेण्डाका बलमा र प्रतिस्पर्धाबाट अगाडि बढ्न तयार हुनुपर्छ ।

**हिंसाबाट मुक्ति : उत्पादनमा सहभागिता**

राजनीतिमा हिंसाको प्रयोग, हिंसामा युवा संलग्नता र 'मिलिट्यान्सी' को नाममा युवाहरूको बाहुवलीकरणको अन्त्यका लागि विशेष योजना बनाइनुपर्छ, अन्यथा नेपाली युवाहरूको ठूलो पङ्क्ति, लठैतमा रूपान्तरित हुनेछ । यसले राजनीतिलाई झनै विकृत बनाउने छ र युवाहरू ठाउँ-कुठाउँ दुरुपयोग गरिने छन् । यसको लागि राज्यको भूमिका प्रभावकारी बन्नुपर्छ । आत्मरक्षाका लागि दल विशेषका सुरक्षा दस्ता बनाउनुपर्ने स्थितिको अन्त्य गरिनुपर्छ । पार्टीहरूले कानुन हातमा लिने कुरालाई कडाइका साथ रोक लगाउनुपर्छ, अपारदर्शी स्रोतका भरमा युवालाई क्षणिक सन्तुष्टि दिएर अगाडि बढाउने प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्छ र पेरुङ्गोमा माछा उपहार दिएर होइन, माछा मार्न सिकाएर युवालाई परिचालन गर्नुपर्छ ।



# निष्कर्ष

रङ्गमञ्च तयार छ, दर्शक र स्रोताहरू आइसकेका छन्। पर्दा उघ्रिएको छ। अन्य पात्रहरू रङ्गमञ्चमा ओहर-दोहर गरिरहेका छन्। तर अझै नाटकका सूत्रधार र अभिनेताहरू तयार भइसकेका छैनन्। दर्शकहरूमा उत्सुकता र छटपटी बढिरहेको छ। जनवादी आन्दोलनको रङ्गमञ्चमा यस्तै स्थिति विद्यमान छ। निर्णायक भूमिका भएका मजदुर, किसानहरू अझै शृङ्गारकक्षमै छन्, सूत्रधार अझै नेपथ्यमा नै छन्।

युवा, विद्यार्थी र वुद्धिजीवीहरू भने रङ्गमञ्चमा उत्रिइसकेका छन्। त्यसकारण रङ्गमञ्चका विद्यमान पात्रहरूले आफ्नो भूमिकालाई सुन्दर ढङ्गले प्रस्तुत गर्दै नायक-नायिकाहरूको शुभागमनलाई प्रेरित, आकर्षित र ओजनदार बनाउनुपर्छ। युवा र अन्य तहका जनताका आन्दोलन र गतिविधिले किसान मजदुरलाई प्रेरित गर्ने, जागृत, सङ्गठित र आन्दोलित गर्ने काम गर्नुपर्दछ।

आजका युवा सङ्घर्षहरू नाटक सुरु हुनु अगाडिका उद्घोषण बाजा र भूमिका जस्तो बनून्। घाम झुल्किनु अघिको क्षितिजको लालीमा जस्तो बनून्। आँधी आउनु अगाडिको हुनहुनाहट जस्तो बनून्। जन्ती र बेहुला आउनु अघिको भातखरुजस्तो बनून्। आजका युवाहरूमा सङ्घर्ष र गतिविधिहरूको यस्तो दायित्व हुनुपर्दछ। अघि आउँदैमा युवाहरूले अभिमान गर्नुहुँदैन।


नाटक मञ्चन हुन बाँकी नै छ। युवा, मजदुर र  किसानबीचको आन्दोलनको अन्तरसम्बन्ध यस्तै हुनुपर्दछ।

– जननेता मदन भण्डारी

अनुसूची-१


# नेपालमा युवा: पछिल्लो तथ्याङ्क

**लैङ्गिक आधारमा युवा जनसंख्या (१६-३५ वर्ष)**




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।

**भौगोलिक आधारमा युवाहरू (उमेर समूह अनुसार)**





श्रोतः राष्ट्रिय जनगणना, २००१ ।

**भौगोलिक आधारमा युवाहरू**




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।


## विकास क्षेत्रको आधारमा युवाहरू (उमेर समूह अनुसार)




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।

---


## विकास क्षेत्रमा युवाहरू




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।


---

## जाति/जनजाति समूहका आधारमा युवाहरू





श्रोतः राष्ट्रिय जनगणना, २००१ ।

**जाति/जनजाति समूहका आधारमा युवाहरू**





श्रोतः राष्ट्रिय जनगणना, २००१ ।

**युवा साक्षरता**





श्रोतः राष्ट्रिय जनगणना, २००१ ।

**शैक्षिक योग्यता र युवाहरू**




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।


## व्यावसायिक र प्राविधिक शिक्षामा युवाहरू




श्रोतः नेपाल श्रमशक्ति सर्भेक्षण, २००८ ।


---

## पेशागत ढाँचामा युवाहरू




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।


## आर्थिक रुपले सक्रिय युवा (उमेर समूहको आधारमा)




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।


---

## आर्थिक रुपले निस्क्रिय हुनुका कारण र युवाहरू (प्रतिशतमा)




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।


**आर्थिक रुपले निस्क्रिय हुनुका कारणहरू**




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।

---


**युवा संलग्न मुख्य गतिविधि (प्रतिशतमा)**




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।


---

**युवा संलग्न मुख्य गतिविधिहरू (प्रतिशतमा)**





श्रोतः राष्ट्रिय जनगणना, २००१ ।

## पेशागत ढाँचाभित्र युवाहरू





श्रोतः राष्ट्रिय जनगणना, २००१ ।

## युवा संलग्नता र कामका क्षेत्रहरू




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।


## कामको समयको आधारमा युवा (उमेर समूह अनुसार)




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।

---


## युवाहरूको रोजगार स्थिति




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।


---

## गन्तव्य देशको आधारमा युवा आप्रवासन





श्रोतः राष्ट्रिय जनगणना, २००१ ।

**उमेर समूहको आधारमा युवा आप्रवासन**





श्रोतः राष्ट्रिय जनगणना, २००१ ।

**युवा आप्रवासनका कारण**





श्रोतः राष्ट्रिय श्रमशक्ति सर्भेक्षण, २००८ ।

**युवा आप्रवासनका कारण**




श्रोतः राष्ट्रिय श्रमशक्ति सर्भेक्षण, २००८ ।


## युवा असक्तताका प्रकार




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।

---

## युवा असक्तताका प्रकार




श्रोतः राष्ट्रिय जनगणना, २००१ ।

अनुसूची-२

# नेपालमा गरिबी र जनसङ्ख्याः युवाहरूले ध्यान दिनुपर्ने तथ्याङ्क

- औसत क्यालोरी आवश्यकता २२२०
- गरिबीको रेखा रु. १९२६१ मा जसमध्ये खाद्य सामग्री रु. ११९२९ र गैर खाद्यमा रु. ७३३२ । सहरमा काठमाडौंमा रु. ४०९३३ र सबैभन्दा कम रु. १५९८८ पश्चिमाञ्चल तराईमा ।
- समग्र नेपालमा गरिबीको रेखामुनि रहेका जनसङ्ख्या २५.२ प्रतिशत । सहरी क्षेत्रमा करिब १५ प्रतिशत र ग्रामीण क्षेत्रमा करिब २७ प्रतिशत ।
- सुदूर पश्चिमाञ्चलमा गरिबीको रेखामुनि रहेका जनता ४५.६१ प्रतिशत । सुदूर पश्चिममा नेपालको जनसङ्ख्याको करिब ८.८ प्रतिशत बस्छन् । त्यसपछि क्रमशः मध्यपश्चिम ३१.६८ प्रतिशत, पश्चिमाञ्चल २२.२५ प्रतिशत, मध्यमाञ्चल २१.६९ प्रतिशत र पूर्वाञ्चल २१.४४ प्रतिशत गरिबीको रेखामुनि रहेको देखिन्छ । जनसङ्ख्या भने मध्यपश्चिममा १३ प्रतिशत, पश्चिममा १९.२ प्रतिशत, मध्यमा ३५.७ प्रतिशत र पूर्वाञ्चलमा २३.३ प्रतिशत रहन्छन् ।
- हिमालमा ४२.२७ प्रतिशत, पहाडमा २४.३२ प्रतिशत र तराईमा २३.४४ प्रतिशत गरिब देखिन्छन् । कुल जनसङ्ख्या हिमालमा ७ प्रतिशत, पहाडमा ४४.२ प्रतिशत र तराईमा ४८.७ प्रतिशत देखिन्छ । सहरी क्षेत्रमात्र हेर्दा पहाडी सहरमा करिब ९ प्रतिशत, तराई सहरमा करिब २२ प्रतिशत देखिन्छ भने पहाडको मात्र लिंदा पूर्वाञ्चलमा १६ प्रतिशत, मध्यमाञ्चलमा २९ प्रतिशत, पश्चिमाञ्चलमा २८ प्रतिशत र मध्य तथा सुदूर पश्चिममा ३७ प्रतिशत देखिन्छ ।
- परिवार सङ्ख्या बढेअनुसार गरिबी बढ्दै जान्छ । १ जनाको परिवार भएको ठाउँमा ३ प्रतिशत छ भने २ जनामा ७ प्रतिशत र ७ जना वा सोभन्दा बढी सदस्य भएको परिवारमा ३८ प्रतिशत ।
- महिला घरमूली भएको परिवारमा गरिबी कम छ ।
- परिवार मूलीको शिक्षाको स्तर बढेअनुसार गरिबी घट्दै जान्छ । गरिबीको तह निरक्षरमा ३३.५ प्रतिशत, साक्षर तर प्राथममिक तह पास नगरेकोको हकमा २७ प्रतिशत, ५ देखि ७ कक्षा उत्तीर्णको हकमा १९.५ प्रतिशत, ८ देखि १० कक्षा पूरा

गरेकोको हकमा १२.९ प्रतिशत र ११ कक्षा वा सोभन्दा बढी पढेकोको हकमा ७.१ प्रतिशत देखिन्छ ।

- कृषि क्षेत्रको ज्यालादारीमा लाग्नेहरु अन्यत्रका ज्यालादारीमा लाग्ने भन्दा बढी गरिब छन् । कृषि क्षेत्रको ज्यालादारीवालाको हकमा ४७ प्रतिशत छ भने व्यावसायिक क्षेत्रमा ज्यालादारीमा लागेकाहरुमा ६ प्रतिशत र अन्य क्षेत्र ज्यालादारीको हकमा २८ प्रतिशत गरिबीको रेखामुनि छन् । स्वरोजगारमा रहेकाहरुमध्ये कृषिमा २७.२ प्रतिशत, उत्पादन उद्योगमा रहेकाहरुमा २२.४ प्रतिशत, सेवामा लाग्नेहरुमा १९.६ प्रतिशत र व्यापारमा लाग्नेहरुमा १३.२ प्रतिशतमात्र गरिबीको रेखामुनि छन् ।
- कृषियोग्य जमिनको मात्रासँगै गरिबी र गरिबीको बीचमा सम्बन्ध देखिन्छ ।
    - जग्गा नभएकाहरुमा २२.७ प्रतिशत,
        - ०.२ हेक्टरभन्दा कम जमिन भएकाहरुमा २९.९ प्रतिशत,
        - ०.२ देखि १ हेक्टरसम्म भएकाहरुमा २८.२ प्रतिशत,
        - १ देखि २ हेक्टरसम्म भएकाहरुमा १९.१ प्रतिशत र
        - २ हेक्टरभन्दा बढी जमिन भएकाहरुमा ६.५ प्रतिशत गरिब छन् ।
    - कुलको हिसाबमा नेपालमा जग्गा नभएकाहरु २१ प्रतिशत,
        - ०.२ हेक्टरभन्दा कम जमिन भएकाहरु १७ प्रतिशत,
        - ०.२ देखि १ हेक्टरसम्म भएकाहरु ४४ प्रतिशत,
        - १ देखि २ हेक्टरसम्म भएकाहरु १३ प्रतिशत र
        - २ हेक्टरभन्दा बढी जमिन भएकाहरु ४.७ प्रतिशत छन् ।
    - पहाडी क्षेत्रको मात्र हिसाब गर्दा
        - जग्गा नभएकाहरु १३ प्रतिशत,
        - ०.२ हेक्टरभन्दा कम जमिन भएकाहरु १८ प्रतिशत,
        - ०.२ देखि १ हेक्टरसम्म भएकाहरु ४९ प्रतिशत,
        - १ देखि २ हेक्टरसम्म भएकाहरु १५ प्रतिशत र
        - २ हेक्टरभन्दा बढी जमिन भएकाहरु ४.९ प्रतिशत छन् ।

○ पहाडी क्षेत्रको हिसाबमा पनि जग्गाको क्षेत्रफलसँगै गरिबी घटेको छ ।

- परिवारले नजिकमा भेट्ने शिक्षालय, अस्पताल, पक्की सडक, मुख्य बजार, कृषि केन्द्र, सहकारी, बैंक आदिको सुविधामा पहुँचको सहजता अर्थात् नजिकमा उपलब्धतासँगै गरिबी घटेको छ । ३० मिनेटभित्र यी सुविधाको पहुँचमा पुग्नेहरु औसत गरिबभन्दा कम गरिब छन् । औसत गरिबी २५.२ को तुलनामा ३० मिनेटभित्र प्राथमिक विद्यालय पुग्नेमा २४.४ प्रतिशत, माध्यमिक विद्यालय पुग्नेमा २०.८ प्रतिशत, उच्चमाध्यमिक विद्यालय पुग्नेमा १७.९ प्रतिशत, स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकी पुग्नेमा १५.६ प्रतिशत, बस स्टप पुग्नमा १९ प्रतिशत, पक्की सडकमा पुग्नेमा १७.१ प्रतिशत, गाडी चल्ने कच्ची सडक पुग्नेमा २४.४ प्रतिशत, हाट बजार पुग्नेमा २१ प्रतिशत, मुख्य बजार पुग्नेमा १६.३ प्रतिशत, कृषि केन्द्र पुग्नेमा १५.३ प्रतिशत, सहकारी पुग्नेमा १७ प्रतिशत र बैंक पुग्नेमा १४.७ प्रतिशत गरिबी देखिन्छ ।

- देशको कूल उपभोगको हिसाबमा
  - ○ सबैभन्दा गरिब १० प्रतिशतले कुल उपभोगको ३.२ हिस्सा ओगट्छन् ।
  - ○ सबैभन्दा धनी दश प्रतिशतले २९.५ प्रतिशत उपभोग गर्छन् ।
- *रकमको हिसाबमा*
  - ○ पहिलो दश प्रतिशतले प्रतिवर्ष रु. ११०९३ खर्च गर्छन् ।
  - ○ सबैभन्दा धनी दश प्रतिशतले गर्ने खर्च रु. १०२७७२ गर्छन् ।
  - ○ सबैभन्दा गरिब २० प्रतिशतले १०.८ प्रतिशत खर्च गर्छन् ।
  - ○ सबैभन्दा धनी २० प्रतिशतले कुल उपभोगको ४५ प्रतिशत खर्च गर्छन् ।
  - ○ नेपालको प्रतिव्यक्ति औसत उपभोग खर्च रु. ३४८२९ छ ।

- असमानता झल्काउने गिनी सूचकाङ्क अहिले ०.३३ छ जुन पहिलेभन्दा घटेको हो । सूचकाङ्कको घटाइ सहरी क्षेत्रमा बढी छ । औसत गिनी सूचकाङ्क पहिलो सर्वेक्षण (२०५२/५३) मा ३२.२, दोस्रो सर्वेक्षण (२०६०/६१) मा ४१.४ प्रतिशत र तेस्रो सर्वेक्षण (२०६६/६७) मा ३२.८४ प्रतिशत छ ।

- आम्दानीको हिसाबमा
    - सबैभन्दा गरिब १० प्रतिशतले कुल आम्दानीको १.५ प्रतिशत भाग
    - सबैभन्दा धनी १० प्रतिशतले ३९.५ भाग
    - त्यस्तै सबैभन्दा गरिब २० प्रतिशतले कुल आम्दानीको ४.१ भाग
    - सबैभन्दा धनी २० प्रतिशतले ५६ प्रतिशत हिस्सा
    - औसत आम्दानीको हिसाबले सबैभन्दा धनी १० प्रतिशतको प्रतिव्यक्ति आम्दानी १६४४०१
    - सबैभन्दा गरिब १० प्रतिशतको प्रतिव्यक्ति आम्दानी रु. ६२२२
    - देशको प्रतिव्यक्ति औसत आम्दानी चालू मूल्यमा रु. ४१६५९
- जातजातिअनुसार गरिबीको स्थिति हेर्दा सबैभन्दा गरिब
    - पहाडी दलित ४३.६३ प्रतिशत (जनसङ्ख्या ८.७ प्रतिशत),
    - तराई दलित ३८.१६ प्रतिशत (जनसङ्ख्या ४.६ प्रतिशत),
    - तराई मध्यम जाति २८.६९ प्रतिशत (जनसङ्ख्या १५.४ प्रतिशत),
    - पहाडी जनजाति २८.२५ (जनसङ्ख्या २१.८ प्रतिशत),
    - तराई जनजाति २५.९३ प्रतिशत (जनसङ्ख्या ७.१ प्रतिशत),
    - पहाडी क्षेत्री २३.४ प्रतिशत (जनसङ्ख्या १७.८ प्रतिशत),
    - मुस्लिम २०.८ प्रतिशत (जनसङ्ख्या ४.३ प्रतिशत),
    - तराई ब्राह्मण १८.६१ प्रतिशत (जनसङ्ख्या ०.५ प्रतिशत),
    - अन्य समूह १२.३४ प्रतिशत (जनसङ्ख्या ०.९ प्रतिशत),
    - पहाडी ब्राह्मण १०.३४ प्रतिशत (जनसङ्ख्या १२.७ प्रतिशत) र
    - नेवार १०.२५ प्रतिशत (जनसङ्ख्या ६.२ प्रतिशत)।
- आफ्नै घरमा बस्नेहरु ९० प्रतिशत । घर भाडामा बस्नेहरु ८ प्रतिशत । बिजुली पुगेका घरहरु ७० प्रतिशत । पाइपको खानेपानी खानेहरु ४५ प्रतिशत । चर्पीको सुविधा लिनेहरु ५६ प्रतिशत । आयोडिन नभएको नून प्रयोग गर्नेहरु ७ प्रतिशत ।

- ३० मिनेटभित्र स्कूल पुग्नेहरु प्राथमिक ९५ प्रतिशत, माध्यमिक ७०.३ प्रतिशत र उच्च माध्यमिक ५४.९ प्रतिशत । बैंक पुग्नेहरु ३९ प्रतिशत । मूल बजार पुग्नेहरु ४३.६ प्रतिशत । कच्ची मोटरबाटोमा पुग्नेहरु ६४.२ प्रतिशत । पक्की मोटरबाटोमा पुग्नेहरु ४९.४ प्रतिशत । सहकारी पुग्नेहरु ५१ प्रतिशत । स्वास्थ्य तथा उपस्वास्थ्य चौकी पुग्नेहरु ४९ प्रतिशत र सरकारी अस्पताल पुग्नेहरु ३२.४ प्रतिशत ।

**जनगणना २०११ अनुसारको तथ्याङ्क**

- कुल जनसङ्ख्या २६६२०८०९,
- वार्षिक वृद्धिदर १.४ प्रतिशत,
- विदेशमा रहेको जनसङ्ख्या १९१७९०३ (पुरुष १६६३२३७ र महिला २५४६६६),
- घर सङ्ख्या ४७६७१९६, घरपरिवार सङ्ख्या ५६५९९८४,
- प्रति घरपरिवार आकार ४.७,
- जनघनत्व १८१ जना प्रति वर्ग किलोमिटर, महिलाको तुलनामा पुरुष ९४ प्रतिशत ।
- कुल जनसङ्ख्यामध्ये
  - उच्च पहाडमा १७९५९५४,
  - पहाडमा ११४७५००१
  - तराईमा १३३५०४५४
  - सहरमा ४५२५७८७
  - ग्रामीण क्षेत्रमा २२०९५०२२
  - सबैभन्दा बढी काठमाडौंमा १७४०९७७ र
  - सबैभन्दा कम मनाङमा ६५२७ ।

*राष्ट्रिय जीवनस्तर सर्वेक्षण २०६६/६७ र जनगणना २०६८ बाट*